# परिच्छेद-एक

# परिचय

## १.१ पृष्ठभूमि

मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्ग हो । मूल्याङ्कनको मद्दतले सिकाइ उपलब्धि हासिल भए नभएको, विद्यार्थी सिक्ने पक्षमा भए नभएको तथा विद्यार्थीहरुबाट पाठ्यक्रमले तोकेको उद्देश्यहरु पूरा हुने नहुने तथा समग्र सिकाइलाई निश्चित बाटोमा लैजानका लागि समेत मद्दत गर्दछ । धेरैजसो राष्ट्रिय उपलब्धि मूल्याङ्कन र अनुसन्धानले के देखाएको छ भने, विद्यार्थीहरुको उपलब्धि मूल्याङ्कन गर्दा कुनै कक्षाको कुनै विषयलाई तोकिएको सिकाइ उपलब्धिको आधारमा मूल्याङ्कन विधिको तय गरिन्छ । प्राथमिक विद्यालयहरुमा शैक्षिक विषयवस्तुको लेखाजोखा गर्न निर्माण गरिएका शैक्षणिक योजना नै मूल्याङ्कनको योजना हो, वाग्ले /पौडेल (२०५६) ।

मूल्याङ्कन भन्नाले कुनै पनि कुराको मूल्य निर्धारण गर्ने प्रक्रिया हो । मूल्याङ्कनलाई परीक्षण, जाँचको रुपमा पनि लिइन्छ । यहाँ शैक्षिक सन्दर्भमा मूल्याङ्कन आएकोले यसलाई विद्यार्थी मूल्याङ्कनका सन्दर्भमा लिइन्छ । उद्देश्य र विषयवस्तु अनुसार शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गरिसकेपछि विद्यार्थीहरुले के कति ज्ञान, सीप र प्रवृत्ति प्राप्त गर्न सके भनेर लेखाजोखा गर्ने कार्यलाई नै मूल्याङ्कन भनिन्छ । मूल्याङ्कन सिकाइएका कुराहरु प्राप्त भए नभएको कसरी जाँच्ने? मूल्याङ्कनबाट शैक्षणिक उद्देश्यहरु कति र कुन हदसम्म प्राप्त भए भनेर लेखाजोखा गरिन्छ । यसर्थ मूल्याङ्कनलाई शैक्षणिक उद्देश्यहरु प्राप्तिको स्तर पत्ता लगाउने प्रक्रिया पनि भनिन्छ । मूल्याङ्कनले विद्यार्थीको व्यवहारमा आएको परिवर्तनको लेखाजोखा गर्दछ । यसले शिक्षक र शैक्षणिक कार्यको प्रभावकारिता पनि जाँच गर्दछ । पाठ्यक्रमको गुणस्तर पहिचान गर्दछ र समग्र शिक्षा प्रणालीको उपलब्धि लेखाजोखा गरी पृष्ठपोषण प्रदान गर्दछ । मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग हो । विद्यार्थी मूल्याङ्कन भएन भने शिक्षण सिकाइ क्रियाकलाप निरर्थक हुन जान्छ । नेपालका शैक्षिक संस्थाहरुमा मूल्याङ्कनका नाममा परीक्षा र जाँच लिने प्रचलनको बाहुल्यता रहेको छ तर यी जाँच र परीक्षाहरु सामयिक परीक्षाहरु मात्र हुन् । यी त मूल्याङ्कनका केही साधन मात्र हुन् । मूल्याङ्कन त निरन्तर चलिरहने प्रक्रिया हो । मूल्याङ्कन प्रत्यक्ष वा

अप्रत्यक्ष रुपले सधैँ भइरहन्छ । सामान्य रुपमा मूल्याङ्कन भनेको कुनै वस्तु, व्यक्ति वा घटनाको र कार्यको गुणात्मक लेजाखोजा गर्ने प्रक्रिया हो तर शैक्षिक मूल्याङ्कन शिक्षण सिकाइ प्रक्रियासँग सम्बन्धित हुन्छ । शैक्षिक मूल्याङ्कनको केन्द्रविन्दु भनेको शिक्षण सिकाइ क्रियाकलाप हो । सामान्यतया मूल्याङ्कनले कुनै पनि कार्यक्रमको समग्र पक्षको प्रभावकारिता र उपयुक्तताको परीक्षण गर्दछ भने शैक्षिक मूल्याङ्कनले मूलतः शिक्षण सिकाइ क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए भएनन भन्ने कुरालाई केन्द्रविन्दु बनाउन सम्पूर्ण शैक्षिक कार्यक्रमको नै लेखाजोखा गर्नु , व्यवहारिक परिवर्तन थाहा पाउनु, शैक्षिक प्रगति, उन्नति आदि थाहा पाउनुलाई शैक्षिक मूल्याङ्कनका रुपमा लिन सकिन्छ । विद्यार्थीको आन्तरिक एवम् बाह्य प्रगति थाहा पाउन गरिने मापन प्रक्रियालाई मूल्याङ्कनका रुपमा लिइन्छ । विद्यार्थीहरुमा उपलब्ध भएका ज्ञान, सीप र अभिवृत्तिको लेखाजोखा गर्न, व्यक्तित्व विकास गर्न सञ्चालन गरिने निरन्तर प्रक्रियाका रुपमा मूल्याङ्कनलाई लिइन्छ ,प्राथमिक पाठ्यक्रम दिग्दर्शन(२०५७) ।

शैक्षिक क्षेत्रमा मूल्याङ्कन अति महत्वपूर्ण छ । मूल्याङ्कनको मुख्य औचित्य भनेको शिक्षण सिकाइमा सुधार गर्नु हो । यस अन्तर्गत परीक्षा प्रणालीमा सुधार गर्नु, प्रभावकारी शैक्षिक प्रणाली निर्माण गर्नु , स्तर निर्धारण गर्नु , अध्ययन अनुसन्धानमा सहयोग पुऱ्याउनुसमेत मूल्याङ्कनमा पर्ने गर्दछन् । मूल्याङ्कनले निर्धारित उद्देश्य पूरा भए नभएको लेखाजोखा गरी यदि उद्देश्य पूरा नभएको रहेछ भने उद्देश्य पूरा गर्न नसक्नुका कारणहरु खोजी शिक्षण सिकाइमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सघाउँछ । मानिसले आफ्नो जीवनमा आइपर्ने कपितय कामकारवाहीहरुका सिलसिलामा गल्ती कमजोरी गर्न सक्छ । त्यस्ता गल्ती कमजोरीहरुको पहिचान गरी आगामी दिनमा सुधार गरी अगाडि बढ्न मूल्याङ्कनले प्रशस्त मार्गनिर्देशन गर्दछ ,शर्मा एण्ड शर्मा (२०६३) ।

यसैगरी नेपालको शिक्षापद्धतिलाई समय सापेक्ष रुपमा अगाडि बढाउनको लागि र देशमा योजनाबद्ध शिक्षा पद्धतिको विकास गर्ने प्रयासका रुपमा राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ लाई महत्वपूर्ण कोशेढुङ्गाका रुपमा लिइन्छ । यसले शिक्षाको राष्ट्रिय उद्देश्यको निर्धारण, तहगत उद्देश्यको निर्धारण, व्यवस्थित र एकीकृत पाठ्यक्रम पाठ्यपुस्तकको निर्माण, शिक्षाको संरचनामा हेरफेर (प्राथमिक १-३, निम्नमाध्यमिक ४-७ र माध्यमिक ८-

१० कक्षा सम्म) शैक्षिक प्रशासन र निरीक्षण प्रणालीमा सुधार, शिक्षक तालिम तथा सेवा सुरक्षाको प्रावधान जस्ता विषयहरुमा सुधारका साथै चरणबद्ध रुपमा कार्यान्वयन गऱ्यो । नेपालको शिक्षा विकासको इतिहासमा अहिलेसम्मकै महत्वपूर्ण कदमका रुपमा राष्ट्रिय शिक्षा पद्धतिको  योजना. २०२८ लाई लिन सकिन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना २०२८ ले परीक्षा पद्धतिमा आन्तरिक मूल्याङ्कन प्रथा लागू गर्ने व्यवस्था गरेको थियो । प्राथमिक तहमा सिकाइने प्रत्येक पाठको अन्त्यमा विद्यार्थीहरुले बुझेका छन्, छैनन भन्ने बारेमा मूल्याङ्कन गर्ने कुराहरु पाठ्यपुस्तक तथा पाठ्यक्रम निर्देशन पुस्तिकामा दिई प्रत्येक ३/३ महिनामा विद्यार्थीको प्रगतिको मूल्याङ्कन गर्न परीक्षा सञ्चालन गरिने, विद्यार्थीलाई परीक्षाको नतिजा दिँदा विद्यार्थीको प्रगति विवरण राख्ने र त्यसलाई अन्तिम परीक्षाको अङ्कमा जोडी अन्तिम परीक्षाफल प्रकाशित गरिन्थ्यो । प्रश्नहरु सकेसम्म वैज्ञानिक बनाउने, विद्यार्थीहरुको उत्तरकापी परीक्षण गर्ने प्रथामा सुधार गरिने, प्राथमिक शिक्षाको अन्तमा जिल्लास्तरीय परीक्षा सञ्चालन गरिने, जस्तो मूल्याङ्कन प्रणालीको विकास गरिएको थियो । रा.शि.प.यो. सञ्चालन पछाडिको अवस्थामा मूल्याङ्कन प्रक्रिया आन्तरिक र बाह्य गरी छुट्याइएको थियो । ५ प्रतिशत गृहकार्य, ५ प्रतिशत निरीक्षण, २० प्रतिशत एकाइ परीक्षा, ३० प्रतिशत त्रैमासिक परीक्षा गरी आन्तरिक मूल्याङ्कनमा ६० प्रतिशत र अन्तिम परीक्षा अर्थात् बाह्य मूल्याङ्कनमा ४० प्रतिशत गरी मूल्याङ्कन गर्ने परिपाटी थियो । प्राथमिक विद्यालय तहको अन्तमा हुने जिल्लास्तरीय परीक्षामा भने प्रत्येक कक्षाको अर्थात् कक्षा १,२,३ को २५/२५ प्रतिशतका दरले जोड गरी ७५ प्रतिशत आन्तरिक र २५ प्रतिशत बाह्य मूल्याङ्कन गरी अगाडि बढ्ने परिपाटी थियो तर वि.सं २०३५ सालदेखि यस प्रकारको मूल्याङ्कनमा परिवर्तन भई तीनपटकको त्रैमासिक परीक्षा १०/१० प्रतिशतले लिई ३० प्रतिशत निरीक्षण निरन्तर गरी २० प्रतिशत र अन्तिम परीक्षा ५० प्रतिशत कायम गरिएको पाइन्छ , राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ।

राष्ट्रिय शिक्षा आयोग २०४९ ले प्राथमिक शिक्षामा मूल्याङ्कन प्रक्रियाका बारेमा निम्न कुराहरु उल्लेख गरेको पाइन्छ । प्राथमिक तहमा बालबालिकाहरुको मूल्याङ्कन गर्ने नियमित परिपाटी अपनाउनुपर्दछ । प्रत्येक बच्चाको गृहकार्य,मौखिक कार्य, अतिरिक्त क्रियाकलाप र पाठको अन्तिममा कक्षा परीक्षा लिई सोको अभिलेख राख्ने व्यवस्था हुनुपर्दछ । कक्षा ३ को अन्तमा सम्बन्धित विद्यालयको प्रधानाध्यापक र स्थानीय स्रोत केन्द्रका प्रधानाध्यापकले

खटाएको एक जना शिक्षक समेतको समितिले विद्यार्थीको लिखित तथा मौखिक परीक्षाद्वारा मूल्याङ्कन गरी सोको नतिजा जिल्ला शिक्षा कार्यालय पढाउने व्यवस्था अपनाउनु पर्दछ । कक्षा ५ को अन्तिम परीक्षा जिल्लास्तरमा जिल्ला शिक्षा कार्यालयद्वारा सञ्चालन गर्नुपर्ने व्यवस्था गरेको छ , राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ।

प्राथमिक शिक्षा पाठ्यक्रम २०६५ का अुनसार प्राथमिक विद्यालयको मूल्याङ्कनमा भाषिक मूल्याङ्कनको आधार तयार गरिएको थियो । प्राथमिक शिक्षाको संरचना १-५ कायम भएकाले सानो कक्षाबाट क्रमशः ठूलो कक्षामा जाँदा सुनाइ, बोलाई, पढाइ, लेखाइको क्रमशः अङ्कभार र समय भार बढाउँदै लगिएको पाइन्छ । औपचारिक मूल्याङ्कन पद्धतिलाई त्रैमासिक परीक्षा र अन्तिम परीक्षाको रुपमा विभक्त गरिएको थियो । जसमा वार्षिक लब्धाङ्क निकाल्दा पहिलो त्रैमासिकमा विद्यार्थीले प्राप्त गरेको लब्धाङ्कले १० प्रतिशत, दोस्रो त्रैमासिकको ३० प्रतिशत र अन्तिम परीक्षाको ६० प्रतिशत जोडेर मूल्याङ्कन गर्ने परिपाटी चलाइएको थियो । विद्यार्थीले गरेको उपलब्धि हेरी सिकाइमा सुधार ल्याउन अनौपचारिक तबरबाट विद्यार्थी मूल्याङ्कन गर्नुपर्ने व्यवस्था गरिएको थियो । अन्तिम परीक्षाको प्रश्नपत्र बनाउँदा सजिला ३० प्रतिशत, मध्यम खालका ६० प्रतिशत र कठिन खालका १० प्रतिशतको मिश्रण गरी बनाउनुपर्ने र (२) दुई विषयसम्म अनुत्तीर्ण विद्यार्थीका लागि मौका परीक्षाको समेत व्यवस्था गर्ने जस्ता मूल्याङ्कन सम्बन्धी नियमहरु सञ्चालनमा आएका थिए । राष्ट्रिय शिक्षा आयोग वि.सं २०४९ को आधारमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ सालले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रुपमा र गुणस्तर कायम राख्ने साधनका रुपमा लिइएको छ । तर धेरैजसो विद्यालयहरुमा यसप्रकारका मूल्याङ्कन नीतिलाई पालन नगरिएको जनगुनासोहरु प्रशस्तै आएका छन् । कक्षाकोठाका क्रियाकलापहरु गृहकार्य, आयोजनाकार्य, अतिरिक्त क्रियाकलापहरु जस्ता मूल्याङ्कनका साधनहरुलाई परीक्षाफलमा जोड्ने गरेको पाइन्छ, प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५) ।

विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य, योजना कार्य, सामुदायिक कार्य, एकाई परीक्षा, उपलब्धि परीक्षा, त्रैमासिक परीक्षा, अवलोकन, रचनात्मक तथा प्रबर्द्धनात्मक कार्य, साधन तथा तरिका प्रयोगमा ल्याइनेछ । उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरेर आधारभूत शिक्षामा (कक्षा १ देखि कक्षा ७ सम्म) उदार कक्षोन्नति नीतिको व्यवस्था क्रमिक रुपमा

लागू गरिनेछ । यस प्रकारको व्यवस्था भए तापनि कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक मापन गरी गुणस्तर कायम गर्न स्रोतकेन्द्र तहमा परीक्षा लिइनेछ । जस्ता कुरा नीतिमा उल्लेखित भए तापनि अझै विद्यालयको मूल्याङ्कन प्रक्रियामा वार्षिक परीक्षालाई नै अन्तिम रुप मानिने गरिएको पाइन्छ । जसले गर्दा नीतिले भने बमोजिम उपलब्धि हासिल गर्न सकिएको छैन । यो नै मुख्य कमजोरी मान्न सकिन्छ , राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६५) ।

नेपालको विद्यालय तहको मूल्याङ्कन प्रणालीबारे शिक्षा मन्त्रालयले विभिन्न समयमा गठन गरेको शिक्षा आयोगको सिफारिस अनुशार दिइएका सुझावहरुलाई  विद्यालय मूल्याङ्कन प्रक्रियामा अक्षरस पालना गरी लागू गरेको छ । वर्तमान सन्दर्भमा नेपालको विद्यालय शिक्षा प्रणालीमा मूल्याङ्कनको प्रक्रिया राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन वि.सं २०४९ अनुसार कार्यान्वयनमा रहेको पाइन्छ । यसरी विभिन्न समयमा गठित भिन्न भिन्न शिक्षा आयोगहरुले शिक्षा पद्धतिको समय सापेक्ष सुधारका निमित्त दिएका सुझावहरुका आधारमा भिन्न भिन्न समयमा शिक्षाको उद्देश्य , संरचना, पाठ्यक्रम, पाठ्यपुस्तक, मूल्याङ्कन प्रणाली आदि पक्षहरुमा समेत परिवर्तन भएको पाइन्छ । यसरी हाल आएर हाम्रो देशमा साधारण र संस्कृत गरी दुई प्रकारका सामुदायिक विद्यालय सञ्चालनमा आइरहेका छन् भने अङ्ग्रेजी भाषालाई प्राथमिकता दिएर खोलिएका संस्थागत विद्यालयहरु पनि प्रशस्त मात्रामा छन् । हाम्रा विद्यालय तहमा शैक्षणिक मूल्याङ्कन सम्बन्धी देखिएका समस्याहरुमा निरन्तर मूल्याङ्कन प्रणालीको विकास नगरिएको, मूल्याङ्कनमा परम्परागत शैली अपनाई अनुगमन प्रणाली फितलो भएको, अभिभावकले आफ्नो बच्चाको सिकाइप्रति ख्याल गर्न नसकेको अवस्था, मूल्याङ्कनकर्ताले पुरानै बाटो अपनाइरहेको, विद्यालयको भौतिक, आर्थिक स्थिति राम्रो नभएको, राम्रो व्यवस्थापन हुन नसकेर गुणस्तर झन खस्केको परिस्थितिले शैक्षणिक मूल्याङ्कनका समस्याहरु देखिएको छ । नेपालको प्राथमिक विद्यालय शिक्षामा मूल्याङ्कनका सबै साधनहरु क्रियाशील बनाइएको छैन, सम्बन्धित वर्गमा मूल्याङ्कन सम्बन्धी आधारभूत ज्ञान र सीपको कमी देखिन्छ साथै परीक्षामुखी शिक्षण प्रक्रिया रहेको छ । मूल्याङ्कन प्रणालीको बारेमा तुलनात्मक रुपमा हेर्दाखेरी सामुदायिक विद्यालयले त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षामा मात्र जोड दिएर विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइन्छ तर संस्थागत विद्यालयहरुले पनि वार्षिक परीक्षाका साथसाथै कक्षाकार्य, गृहकार्य, अवलोकन, खेलकुद, अतिरिक्त क्रियाकलाप, व्यक्तित्व विकास जस्ता सम्पूर्ण कुराहरुको आधारमा मूल्याङ्कन गर्ने

गरेको पाइन्छ । तसर्थ सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयको शैक्षिक उपलब्धि केही बढी देखिन आएको पाइएको छ । त्यसैगरी मूल्याङ्कन सम्बन्धी नीति नियमलाई विद्यालयहरुले राम्रोसँग बुझेर कार्यान्वयन गर्न नसक्दा शैक्षिक उपलब्धिमा प्रभाव परेको छ , खनिया (२०६१) ।

## १.२ समस्याको कथन

प्राथमिक शिक्षा विद्यालय जाने उमेरका (६-१० वर्षसम्मका ) बालबालिकालाई प्रदान गरिने आधारभूत शिक्षा हो । प्राथमिक शिक्षाको आधारमा नै सम्पूर्ण शैक्षिक प्रणालीको लेखाजोखा गरिन्छ देशमा सञ्चालित सामुदायिक र संस्थागत दुवै प्रकारका विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरुलाई प्राथमिक शिक्षामा सहभागिता गराई शैक्षिक उपलब्धि प्राप्त गर्न हरसम्भव प्रयास गरिनुपर्ने देखिन्छ । हाम्रो देशको सन्दर्भमा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको मूल्याङ्कन प्रणालीलाई हेर्दा सामुदायिक विद्यालयहरु त्रैमासिक, अर्धवार्षिक र वार्षिक परीक्षामा मात्र केन्द्रित रहेर विद्यार्थीको उपलब्धि मूल्याङ्कन गर्दछन् । यस्तो मूल्याङ्कनले विद्यार्थीको सम्पूर्ण पक्षको विकास गर्न सक्दैन । त्यसैगरी संस्थागत विद्यालयको मूल्याङ्कन प्रणाली पनि विशेष गरी परीक्षा प्रणालीमै आधारित छ । तर त्यस्ता विद्यालयले गृहकार्य, कक्षाकार्य, अवलोकन, खेलकुद, अतिरिक्त क्रियाकलापको माध्यमबाट पनि विद्यार्थीको व्यक्तित्व विकास गर्ने कुरालाई जोड दिएका छन् । संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको शैक्षिक उपलब्धिमा संस्थागतको शैक्षिक उपलब्धि केही राम्रो देखिन्छ । यसो हुनुमा नियमित पठनपाठन, कक्षाकार्य, गृहकार्य, निरन्तर मूल्याङ्कन प्रणालीको व्यवस्था, अतिरिक्त क्रियाकलापको व्यवस्था आदि कारणहरु रहेका छन् ।

सस्थागत तथा सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनको लागि संचालन गरीएको मूल्याङ्कन प्रकृयाहरुको वारेमा पत्ता लगाउन , मूल्याङ्कन निती थाहा पाउन ,यस्ता विद्यालयहरुले संचालन गर्ने मूल्याङ्कन प्रकृया प्रति सरोकारवालाहरुको  विचारलाई संकलित गरी यस्ता विषयवस्तुसँग सम्वन्धित समस्याहरुको  समाधान गरी उचित निष्कर्ष निकाल्न यस अध्ययनको विषय सामुदायिक तथा संस्थागत विद्यालयको प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कन प्रकृया राखिएको हो ।

## १.३ अध्ययनको औचित्य

यस अध्ययनले संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्याथी मूल्याङ्कन प्रक्रियाहरुबारे के कस्तो समानता र भिन्नता रहेको छ ? भन्ने कुराको जानकारी प्राप्त गर्न सहयोग पुऱ्याउँनेछ । वर्तमान समयमा नेपालका प्राथमिक तहका विद्याथीहरुमा गरिने मूल्याङ्कन प्रणाली वार्षिक परीक्षा प्रणालीमा मात्र आधारित छ । प्राथमिक तहका बालबालिकाको शारीरिक मानसिक र संवेगात्मक क्षमताको विकास परीक्षाबाट हुन सक्दैन तसर्थ परीक्षा बाहेकका अन्य मूल्याङ्कनका साधनहरु पनि उपयोग गर्नुपर्ने देखिन्छ । वार्षिक परीक्षा प्रणालीले विद्यार्थी परीक्षामुखी हुन्छ भने परीक्षाप्रति वितृष्णाको भावना उत्पन्न हुन्छ । परीक्षाको माध्यमबाट बालबालिकाको शारीरिक, मानसिक र संवेगात्मक पक्षको जाँच गर्न सकिदैन फलस्वरुप विद्यार्थीहरु परीक्षामा असफल भए प्राथमिक शिक्षाको जग धर्मरिन सक्छ । हरेक प्राथमिक उमेरका बालबालिका असफलताका कारणले पढाइ छाड्न सक्छन् र देशको सबैलाई साक्षर बनाउने राष्ट्रिय उद्देश्य प्रभावित हुन पुग्नेछ । प्राथमिक शिक्षा नै भविष्यको शिक्षाको आधार हो र अन्य शिक्षाको जग पनि हो । तसर्थ प्राथमिक शिक्षामा देखापरेका मूल्याङ्कन प्रणालीसँग सम्बन्धित समस्याबारे सम्बन्धित निकायले र सरोकारवालाहरु, अभिभावक, शिक्षक, समाजका अगुवाहरुले भविष्यको आधारशीला मानिएको प्राथमिक शिक्षाप्रति उचित ध्यान पुऱ्याउनु पर्दछ अन्यथा यसले मुलुकको विकासमा राष्ट्रिय हित र कल्याणको पक्षमा समेत गम्भीर असर पार्न सक्छ ।

यस अध्ययनबाट प्राप्त सूचनाले सम्बन्धित अभिभावक, विद्यार्थी, शिक्षक, जिल्ला शिक्षा कार्यालय, शिक्षा विभाग , शिक्षा मन्त्रालय , निजी तथा आवासिय स्कुल अर्गनाईजेशन नेपाल र भविष्यमा यस सम्बन्धी खोज अनुसन्धान गर्न चाहने वर्गहरुलाई आवश्यक सहयोग पुग्ने आशा लिएको छु ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु निम्नानुसार राखिएका छन् ।

(क) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्गन प्रक्रियाको पहिचान गर्ने ।

(ख) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाको फरक अध्ययन गर्ने ।

(ग) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाको प्रभावकारीताबारे सरोकारवालाहरुको धारणा पहिल्याउने ।

## १.५ अनुसन्धान प्रश्नहरु

यस अध्ययनको लागि अनुसन्धान प्रश्नावली निम्नानुसार राखिएका छन् ।

(क) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कनको योजना, प्रक्रिया र प्रयोगको अवस्था के कस्तो छ ?

(ख) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन बीचमा समानता र भिन्नता के कस्ता छन् ?

(ग) संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कनका योजना, प्रक्रिया र प्रयोग सम्बन्धी समस्याहरु के के छन ?

(घ) विद्यार्थी मूल्याङ्कनका योजनाहरु, प्रक्रियाहरु र प्रयोगहरु बारे सरोकारवालाहरुको धारणा के कस्तो छ ?

## १.६ अध्ययनको सीमा

यस अध्ययलाई समय, स्रोत, साधन, जनशक्ति र आर्थिक स्थितिलाई मध्यनजर गर्दै निम्न क्षेत्रमा सीमित हुने छ ।

(क) यस अध्ययनलाई चितवन जिल्ला पिठुवा गा.वि.स.मा सीमीत गरिएको छ ।

(ख) यो अध्ययन प्राथमिक तहको मूल्याङ्कन प्रकृयामा मात्र सीमीत छ ।

(ग) निरन्तर मुल्याङ्कन प्रक्रिया नभएको विद्यालयमा अध्ययन गरिएको ।

## परिच्छेद-दुई

## सम्वन्धित साहित्यको पुनरावलोकन तथा अध्ययनको सैद्धान्तिक खाका

अनुसन्धान कार्यमा अनुसन्धानको विषयबस्तु र अनुसन्धानको समस्याको निर्माण गर्ने कार्यले गर्दा नै साहित्यको पुनरावलोकन गर्ने कार्यको प्रारम्भ हुन्छ । अनुसन्धानमा नयाँ तथ्य, ज्ञान र सिद्धान्त प्रतिपादित गर्नुपर्ने भएकोले छनौट गरेकै क्षेत्र र समस्यामा रहेर पहिल्यै कसैले अध्ययन गरे वा नगरेको निक्यौल गर्न पनि सम्वन्धित साहित्यको पुनरावलोकन आवश्यक हुन्छ । यस्ता पुनरावलोकनबाट अनुसन्धानको विषय क्षेत्रमा भएका अध्ययनहरु र तिनका निष्कर्ष एंव निचोड उल्लेख गरेमा थप स्पष्टता पाउन सकिन्छ । अर्कोतिर सम्वन्धित क्षेत्रमा भएका सबै अध्ययन अनुसन्धानको जानकारीबाट विषयबस्तुमा गहिरो ज्ञान र दक्षता हासिल गर्न सक्दछ । विभिन्न विषयमा समय-समयमा प्रकाशित अनुसन्धानात्मक लेख,प्रतिवेदन तथा जर्नलहरुबाट सम्वन्धित क्षेत्र तथा विषयबस्तुको वारेमा धेरै जानकारी पाउन सकिन्छ । सन्दर्भ साहित्यको अध्ययनबाट नै सम्बन्धित विषयबस्तुको वारेमा जानकारी लिने, नयाँ विषयबस्तु खोज्ने र यस्ता विषयबस्तुको गहिराईमा पुग्ने सहयोग पुग्दछ । अर्को तर्फ एउटै विषय तथा समस्यमा खोज कार्य दोहोरिने सम्भावनालाई न्युनिकरण गर्दछ । तसर्थ शोधकर्ताले सम्बन्धित विषयको पूर्व साहित्यको संक्षिप्त अध्ययन गर्न अत्यन्तै आवश्यक छ ।

### २.१ सम्बन्धित साहित्यको पुनरावलोकन

कुनैपनि विषयबस्तुको लेखाजोखा , छानविन र जाँचबुझ गर्नुलाई मूल्याङ्कन भनिन्छ । हरेक क्षेत्रमा मूल्याङ्कनको महत्वपूर्ण स्थान रहेको छ । अझ शिक्षा क्षेत्रमा यसको झन बढी महत्व रहेको छ । विद्यालयमा जब विद्यार्थीहरु पढन थाल्दछन त्यसैबेला देखि विद्यार्थीको उपलब्धिको लेखाजोखा गरिन्छ । मूल्याङ्कनद्धारा केवल विद्यार्थीको पठनपाठनको लेखाजोखा मात्र नगरेर यसले सारा शैक्षिक कार्यक्रमकै लेखाजोखा गर्दछ । शिक्षा क्षेत्रमा निर्धारित उद्धेश्य प्राप्तिका लागि शिक्षण सिकाई क्रियाकलापबाट अपेक्षित उपलब्धि हासिल भए भएनन् र विद्यार्थीको अनुहारमा के कति परिवर्तन आयो वा आएन जस्ता कुराहरुको लेखाजोखा गर्ने प्रकृया मूल्याङ्कन हो । यस्तो मूल्याङ्कनबाट प्राप्त नतिजाले निर्धारीत उद्धेश्य पूरा भए नभएको

लेखाजोखा गरिने भएकोले पूरा गर्न नसक्नुको कारणहरुको खोजी शिक्षण सिकाईमा सुधार गर्नका लागि सुधारात्मक शिक्षण योजना बनाउन सकिन्छ । मानिसले आफ्नो जीबनमा आइपर्ने कतिपय काम कारवाहिहरुका सिलसिलामा गल्ती कमजोरीहरु गर्न सक्छ । त्यस्ता गल्ती कमजोरीहरुको पहिचान गरी तिनकाई आगामी दिन दोहोरिन नदिन मूल्याङ्कनले मार्ग दर्शन दिन्छ, अधिकारी-(२०६४) ।

मूल्याङ्कन सम्बन्धि अवधारण आफैमा नयाँ र नौलो विषय होईन , तर हामीले प्रयोग गर्ने गरेको मूल्याङ्कन सम्बन्धी अवधारणले विभिन्न अवस्था र परिस्थितिमा फरक-फरक अर्थ लाग्न सक्छ । सामान्यतया हामी मूल्याङ्कन शब्दको प्रयोग जुनसुकै स्थान, समय, परिस्थिति र कार्यका गरिराखेका हुन्छौं व ागर्न सक्छौं । हामीले प्रयोग गर्ने मूल्याङ्कन शब्दले "मूल्यको अंकन (Value-Judgement) गर्ने प्रक्रियालाई मूल्याङ्कनको रुपमा लिएको पाईन्छ । तर यहाँ प्रश्न आउँदछ, मूल्य भनेको के हो ? मूल्य ब्यावहारीक जीवनका हरेक पक्षहरुमा निहित गुणस्तर वा महत्व हो । अर्को अर्थमा कुनै कार्य ब्यवहार,घटना, क्रियाकलाप वा प्रयोग पछाडी त्यसबाट प्राप्त उत्पादन र त्यसको गुणस्तर नै मूल्य हो र उक्त मूल्यलाई अंकन गरी लेखाजोखा गर्नु मूल्याङ्कन हो , खनाल (२०६५) ।

देश ,काल, परिस्थीति, समाजको आवश्यक्ता,शिक्षाको बदलिँदो परिवेश आदिले मूल्याङ्कनको धारण र प्रयोगमा पनि परिमार्जन भइरहेको छ । मूल्याङ्कनद्धारा जन्म नै नयाँ नयाँ समस्याको स्वरुपअनुशार समायोजन गर्दै समय सापेक्ष परिवर्तन भइरहेको बास्तविकता छ । पहिले मूल्याङ्कन अधार विषयगत थियो जहाँ घोकेर पढने र लेख्नकति सक्छ , त्यसलाई "पेपर एण्ड पेन्सिल टेष्ट"को रुपमा  मूल्याङ्कन गर्ने सर्वतोमुखी पक्षको सहि मूल्याङ्कन गर्न नसक्ने भएकोले नै कममा लिखित, मौखिक एवम प्रयोात्मक परीक्षा अपनाउन मानसिक, ब्यवहारीक, सामाजिक, नैतिक , चारित्रीक, भावनात्मक, संवेगात्मक, शैक्षिक, आर्थिक आदि पक्षको  प्रभावकारी ढङ्गले मूल्याङ्कन गर्न उपलब्धि जाँच गर्न मूल्याङ्कनका नयाँ नयाँ तौर तरिका एंव प्रविधिहरुको  विकास एवं विस्तार भएको छ । उद्धेश्य अनुसारको क्रियाकलाप र सो अनुसार उपलब्धि हासील भए नभएको  लेखाजोखा गर्न मूल्याङ्कन पद्धतिमा आधुनिक धारणाकै  विकास र विस्तार भएको वास्तविकता छ, श्रेष्ठ (२०५९) ।

पाठ्यक्रमलाई क्रमबद्ध गराउन शिक्षकको भूमिका र प्रभावकारीताले पनि फरक पार्ने हुन्छ किनभने छात्र-छात्राहरुले केही कुरा एक्लै स्वाध्ययनबाट सिक्दछन भने केहीचाहि स-साना समुहमा विभाजित भएर राम्ररी सिक्न सक्खछन । त्यस्तै अन्य कतिपय शैक्षिक क्रियाकलापहरु ठूल्ठूला समुहमा सिक्न सकिने हुन्छन । त्यस अनुसार के-कस्तो शिक्षण विधी र सामाग्री प्रयोग गर्ने हो त्यो शिक्षकलाई थाहा हुनु पर्दछ । यस परिप्रेक्ष्यमा शिक्षकले ब्याख्यान विधीबाट मात्र होईन एउटा निपूर्ण ब्यवस्थापक वा संयोजकको भूमिका खेलेर छात्र-छात्राको उमेर,योग्यता र झुकाव अनुसार के-कस्तो र कसरी पढाउने भन्ने कुराको निधो गर्न सक्ने हुनु पर्दछ । यसै गरी पठनपाठनका सबै कारकहरु जस्तै : पाठ्यक्रम, पाठ्यबस्तु, शिक्षण विधि र सम्पुर्ण शिक्षण संस्थाका गति विधीहरुलाई नियन्त्रण गर्ने महत्वपूर्ण र शक्तिशाली पक्ष हाम्रो परिप्रेक्ष्यमा अन्तिम परीक्षालाई नै मानिन्छ । यो कुरा विशेष गरी माध्यमीक र उच्च शिक्षाको क्षेत्रमा वढी यथार्थ ठहर्छ । यो परम्परा देखी चलि आएको एउटा अवैज्ञानिक तर सजिलो भएकोले वर्षमा एक पटक जाँचेर पनि छात्र-छात्राहरुको बस्तुगत मूल्याङ्कन भएको भ्रमलाई स्वीकार्दै आएको छ किनभने एकै वर्षमा धेरै पटक जाँच लिनुको अर्थ नियमितता बढाउनु पर्दछ जाँचको अभिलेख राख्नु पर्छ राम्रो प्रगती नभएमा आफ्नो शिक्षण विधीमा नै कुनै त्रुटि छ कि भन्ने शंका पनि हुने हुँदा त्यस झुटप्रति धेरैजसो शिक्षकहरु उदासिन भएको पाईन्छ । तर मूल्याङ्कनलाई शिक्षकको एउटा अभिन्न अंगको रुपमा ठानेर नियमित रुपमा सञ्चालन गर्ने हो भने शिक्षकको शिक्षण विधिलाई मात्र सुधार्नमा यो सहयोगी नभई पाठ्यक्रम र पाठ्यसामाग्रीको परिमार्जन र सम्पुर्ण शैक्षिक ब्यवस्थापकलाई समेत सहयोगी हुन सक्छ । यसकारण छात्र-छात्राहरुको उपलब्धिको नियमित र निरन्तर मूल्याङ्कन हुनु शिक्षाका लागि एउटा पूर्वसर्त नै मान्नु पर्दछ, राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९) ।

शिक्षामा गुणात्मकताको कसीको मापनका रुपमा परीक्षा र मूल्याङ्कनलाई लिने गरिन्छ । परिक्षा र मूल्याङ्कन एक-अर्कामा अन्योन्याश्रित सम्बन्ध रहेको छ । मूल्याङ्कनबाट प्राप्त नतिजाका आधारमा धेरैजसो शैक्षणिक निर्णयशरु लिने गरिन्छन । मूल्याङ्कन माध्यमबाट नै धेरैजसो शैक्षिक क्रियाकलापहरुका सवल तथा निर्वल पक्षहरुको पहिचान गरी सोही अनुरुप उपचारान्मक कदम चाल्न मद्धत मिल्दछ । नेपालको सन्दर्भमा प्राथमिक तहका हाल विद्यमान गम्भीर शैक्षिक क्षतिको सिर्जना वर्तमान परीक्षा प्रणलीबाट भएको हो । विद्यार्थीले

विद्यालय छाड्ने र कक्षा दोहाऱ्याउने मूल कारण वर्षको अन्त्यमा लिइने  औपचारीक परीक्षा र त्यसमा विद्यार्थीको असफलता बनेको छ । प्राथमिक तहमा  प्रारम्भिक कक्षाहरुमा गृहकार्य, मौखिक कार्य , अतिरीक्त क्रियाकलापमा संलग्नता र कक्षा परीक्षालाई आधार मानि नियमीत रुपले प्राथमिक कक्षामा वालवालिकाहरुको अनवरत मूल्याङ्कन नगरी वर्षको एकपटक लिइने  औपचारीक परीक्षाको नतिजालाई आधार बनाएर कक्षा चढाउने वा दोहोऱ्याउन लगाउने गरिन्छ । प्रारम्भिक कक्षाहरुको मूख्य उद्धेश्य वालवालिकाहरुको विद्यालयमा आउने  बानि बसाल्ने,सिकाईप्रति उनीहरुलाई उत्प्रेरित गर्ने र उपल्ला कक्षाहरुको निमित्त तयार गर्ने हुनु पर्नेमा सो नभई बढी विषयबस्तु प्रधान वा प्राज्ञिक खालको  हुन पुगी असफलताको कारण बनेको छ ।

नेपालमा  सरकारी र निजीस्तरका दुई प्रकारका विद्यालयहरु छन । निजीस्तरका विद्यालयहरुमा वार्षिक कार्यतालीका निर्माण गरी अतिरीक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरेको पाईन्छ । तर एकाइ योजना र दैनिक पाठयोजनाको माध्यमद्धारा शिक्षण गर्ने तथा विद्यार्थीका सम्पुर्ण पक्षहरुको अध्ययनबाट मूल्याङ्कन गर्ने परिपाटी भने ब्यवहारमा पाइदैन । सरकारी स्तरका विद्यालयहरुमा बढ्दो विद्यार्थीको चापअनुसार भैतिक,शैक्षिक,मानविय ब्यवस्थापन नै पर्याप्त मात्रामा भएको पाईदैन भने शैक्षिक गतिविधिको मूल्याङ्कनमा योजनागत रुपको  प्रयोग त पाईदै पाईदैन । दुर्गम स्थानहरुमा सञ्चालित यस्ता प्राथमिक विद्यालयहरुको स्थिति ज्यादै दयनीय छ ,प्राथमिक विद्यालयका शिक्षकहरुको योजनागत रुपमा मूल्याङ्कन गर्ने व्यवहार नै पाईदैन । यतिसम्म कि दुर्गम भेगका प्राथमिक विद्यालयहरु समयमा खुल्ने , समयभरि पठनपाठन हुने , शिक्षकले पुर्ण समय पढाउने प्रचलन नै छैन । कतिपय स्थानमा त विद्यालय नाम मात्रका छन । भवन र शिक्षक -विद्यार्थीको आँकडा कागजमा मात्र सीमित रहेको हुन्छ । यस्तो अवस्थामा शैक्षिक मूल्याङ्कन व्यवस्थित प्रक्रियागत र योजनागत रुपमा सञ्चालन हुने  गरेको  छ भन्न मिल्दैन । नेपालमा प्राथमिक विद्यालयका शैक्षिक मूल्याङ्कनको योजनालाई व्यवस्थित बनाउनु आवश्यक छ,  उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५)

शिक्षा मन्त्रालयले प्राथमिक विद्यालयको शैक्षिक मूल्याङ्कनका व्यवस्था नै नगरेको भन्न मिल्दैन । प्राथमिक विद्यालयको शैक्षिक स्तर विकास गर्न , विद्यार्थीको शैक्षिक योग्यताको

लेखाजोखा गर्ने, विद्यार्थीलाई आवश्यक सहयोग पुऱ्याउन, अभिभावकहरुलाई विद्यार्थी प्रगतिको सुझाब सल्लाह दिन, विद्यार्थीलाई कक्षोन्नति गर्न, विद्यालयमा विभिन्न सेक्सन छुट्ट्याउन, विद्यार्थीका दक्षता, योग्यता र क्षमताको पहिचान गर्न ,विद्यालयहरु बीचको शैक्षिक प्रतिस्पर्धा स्वस्थ्य रुपमा गर्न र शिक्षाको विकासलाई प्रचार प्रसार गर्न गराउन समेत प्राथमिक विद्यालयको मूल्याङ्कन आवश्यक भएको महशुस नेपाल सरकार शिक्षा मन्त्रालयले गरेको छ । यसको उदाहरण प्राथमिक विद्यालयको शैक्षिक विकासको लागि विभिन्न योजना, परियोजनाहरु सञ्चालन गर्नु, पाठ्यक्रम निर्माण तथा विकास गर्नु र विद्यालयहरुको विस्तारमा ध्यान पुऱ्याउनुलाई लिन सकिन्छ । नेपालको विद्यालयहरु निजी र सरकारी तहमा विभाजित छन । निजी विद्यालयहरु आफ्नै मूल्याङ्कन परिपाटीमा छैन भने सरकारी नीति निर्देशन सही कार्यन्वनमा छैनन् भने सरकारी विद्यालयहरुमा आवश्यक अनुगमन, सुपरीवेक्षण, पृष्ठपोषण र मूल्याङ्कन प्रक्रिया अवलम्वनको लेखाजोखा नहुने कारणले गर्दा मूल्याङ्कन कार्यान्वयनमा छैन । सरकारी नितिभीत्र मूल्याङ्कन प्रक्रियाको व्यवस्थापन हुदै नभएको भने होईन, शर्मा एण्ड शर्मा (२०६८) ।

कक्षा १ देखि कक्षा ३ सम्मको शिक्षालाई प्राथमिक शिक्षा मानिन्छ र यसलाई शिक्षाको प्रथम तह मान्दै साक्षरताको शिक्षा दिनु यस तहको उद्धेश्य हो । हाम्रो वर्तमान परीक्षा प्रणलीले विद्यार्थीहरुको सहि मूल्याङ्कन गर्न सकेको छैन । प्राथमिक र माध्यमिक विद्यालय तहमा परीक्षा अनुर्तिण हुँदा पनि माथिल्लो कक्षामा जान रोकिदैन, राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८) ।

शिक्षा विधि जस्तै परीक्षा विधि पनि यो तहमा मौखिक र कार्यमय हुनुपर्दछ । प्रत्येक महिनाको छात्र-छात्राहरुको खेलकुद,चरित्र,निर्धारित विषयहरुको ज्ञान इत्यादिको लेखाजोखाको आधारमा माथिल्लो कक्षामभा उर्तीण गराउने या नगराउने गर्नुपर्दछ । धेरैजसो वालवालिकाहरुको निम्ती प्राथमिक शिक्षा नै अन्तिम पाठशाला शिक्षा हुने भएकोले त्यसको अन्तमा पाठशालाबाट उर्तीण भएको प्रमाणपत्र दिनु बाञ्छनीय छ । प्रत्येक विषयमा कममा कम महिनाको एकपटक मूल्याङ्कन हुनुपर्दछ । परीक्षा मौखिक र लिखित दुबै हुनु पर्छ र कला, विज्ञान, खेलकुद जस्ता विषयमा प्रदर्शनात्मक र व्यावहारीक हुनुपर्छ । यस्तरी लिइएको परीक्षाफलको आधारमा कक्षा चढाउने नचढाउने हुनुपर्छ । निम्नतम उर्तीणङ्क सयकडा ४०

हुनुपर्छ । प्रथम श्रेणीको लागि ६० प्रतिशत , डिस्टिङसन अर्थात बिशेष दक्षताको लागि ७५ प्रतिशत हुनुपर्छ । चरित्र वारेमा मूल्याङ्कन प्रधानाध्यपको अध्यक्षतामा उहाँहरुद्धारा गठित पाठशालामा अध्यापकहरुको एक कमिटीले गर्नु उचित छ । प्राथमिक विद्यालयको शैक्षिक मूल्याङ्कन गर्दा मौखिक र क्रियाकलापमा आधारीत हुनुपर्दछ । प्राथमिक विद्यालयको पाठ्यक्रममा तोकिएका सबै विषयहरुमा कमसेकम महिनाको एकपटक मूल्याङ्कन गरिनु पर्दछ । मूल्याङ्कन पक्रिया लिखित तथा मौखिक दुबैमा आधारित हुनपर्दछ , सर्वाङगीण राष्ट्रिय शिक्षा समिति (२०१८) ।

आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम कार्यान्वयन शिक्षाको अनुशार निरन्तर मूल्याङ्कन विद्यार्थीहरुले गरेको प्रगतिको नियमित लेखाजोख ागर्ने परिपाटी हो । सो मूल्याङ्कन लागि विभिन्न विधि र पद्धति अपनाउनु पर्ने हुन्छ । यो सिकाईको एउटा अभिन्न अंग हो । आधारभुत तथा प्राथमिक शिक्षा कार्यक्रम अर्न्तगत प्राथमिक तहका अघिल्ला ३ वटा कक्षाहरुमा मूल्याङ्कनका विभिन्न माध्यम र साधनको प्रयोग गरी विद्यार्थीको निरन्तर मूल्याङ्कन गर्ने प्रणाली लागु गरी उद्धार कक्षोन्नतिको नीतिलाई योजनाबद्ध ढङ्गले कार्यान्वयन गरिनेछ । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागु भएका क्षेत्रका कक्षा १ देखि ३ का विद्यार्थीहरुलाई उद्धार कक्षोन्नतिको आधारमा माथिल्लो कक्षामा चढाईनेछ । उद्धार कक्षोन्नतिको आधारहरुमा माथिल्लो कक्षामा जाने उमेर , विद्यालयमा ६० % हाजिरी, सम्बन्धित विद्यार्थीको पढाई ,लेखाई प्रति उसका अभिभावकले विद्यालयमा उपस्थित भई लिने जानकारी, सम्बन्धित शिक्षकको माथिल्लो कक्षामा आएका सबै विद्यार्थीहरुको फाईल (पोर्टफोलियो) अध्ययन आदिलाई अधार लिइनु पर्दछ , जवरा , श्रेष्ठ र रञ्जितकार (२०६५) ।

साधारण अर्थमा विद्यार्थीले के-कति र उनीहरुमा के-कस्ता परिवर्तन आयो भनेर जानकारी लिने काम विद्यार्थी मूल्याङ्कन हो । विद्यार्थीले नसिकेका कुरा पत्ता लगाएर उनीहरुलाई थप मद्दत गर्न वा सुधारात्मक शिक्षण गर्न र उनीहरुलाई कक्षा चढाउने कुराको निर्णय लिन विद्यार्थीको मूल्याङ्कन गरिन्छ । विद्यार्थीलाई थप मद्दत गर्न गरिने मूल्याङ्कनलाई निर्माणन्मक मूल्याङ्कन र उनीहरुलाई कक्षा चढाउने कुराको निर्णय लिन गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । विद्यार्थीले नसिकेका कुरा समयमै जानकारी गरेर उनीहरुलाई

आवश्यक्ता अनुशारको थप मद्धत गर्न उनीहरुको लगातार मूल्याङ्कन हुनुपर्दछ । लगातार विद्यार्थीको मूल्याङ्कन भइरहने भएकोले निर्माणत्मक मूल्याङ्कनलाई निरन्तर र विद्यार्थी मूल्याङ्कन भनिएको हो । निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणलीमा गृहकार्य, कक्षाकार्य, विद्यार्थीका वानी व्याहोराको अवलोकन, उनीहरुको शैक्षिक अभिलेखको अध्ययन जस्ता अनौपचरिक माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्नु व्यावहारिक हुन्छ । यस्ता माध्यमलाई सजिलो गरी लगातार उपयोग गर्न सकिन्छ । हाम्रो वर्तमान मूल्याङ्कन प्रणली निर्णयात्मक रुपको छ । निर्मयात्मक मूल्याङ्कनका लागि लिखित परीक्षा जस्तो औपचारीक माध्यम उपयोग गर्न सकिन्छ । निरन्तर रुपमा गरिएको विद्यार्थीको मूल्याङ्कनको अभिलेख राख्ने गरीयो भने निर्णयात्मक मूल्याङ्कनको लागि औपचारिक रुपको लिखित परीक्षा सञ्चालन नगर्दा पनि हुन्छ, निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिका (२०५६)।

## २.२ अध्ययनको सैद्धान्तिक खाका

शोध अनुसन्धान कार्यलाई एउटा निश्चित निष्कर्षमा पुऱ्याउन पूर्व स्वीकृती तथ्य वा सिद्धान्तलाई आधार मानी कुनै पनि नयाँ -नयाँ तथ्यहरु प्रतिपादन गर्नुपर्ने हुन्छ । सहि र वास्तविक तथ्यहरुको सहयोगबाट नै समस्याको समाधान उपायहरु पत्ता लगाउन सकिन्छ । आफ्नो शोध अनुसन्धान कार्यलाई थप बलियो आधारहरु प्रस्तुत गर्न विभिन्न सिद्धान्तहरुलाई आधार बनाउन आवश्यक हुन्छ । जसको माध्यबाट आफ्नो अनुसन्धानलाई एउटा निचोडमा पुऱ्याउन सहयोग पुग्छ ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ ले विद्यार्थी मूल्याङ्कनको सैद्धान्तिक आधार निम्नानुसार प्रस्तुत गरेको छ :-

विद्यार्थी मूल्याङ्कनको पद प्रदर्शनका सिद्धान्तहरु मूल्याङ्कन प्रणली एवं समावेशी मूल्याङ्कन प्रणलीका रुपरेखा आदि व्यवस्थाहरुलाई एक कार्ययोजना बनाई कार्यनिर्देशीका तयार पारी परीक्षा र पृष्ठपोषण कार्यान्वयन गर्दै पाठ्यक्रमले अपेक्षा गरे अनुसार उपलब्धिहरु प्राप्त गर्ने व्यवस्था गरिनेछ । साथै विद्यार्थी मूल्याङ्कन निर्णायात्मक र निर्माणत्मक गरी दुई प्रकारबाट गरिनुका साथै विद्यार्थी मूल्याङ्कन देहायका नितिहरुको अवलम्बन गरिने व्यवस्था रहेको छ -

- सबै तह तथा कक्षाहरुमा औपचारीक एंव अनौपचारीक मूल्याङ्कन विधि प्रयोग गरी आन्तरीक तथा बाह्य मूल्याङ्कन प्रक्रिया अवलम्बन गरिने ।
- विद्यार्थी मूल्याङ्कन गर्दा कक्षाकार्य, योजना कार्य , सामुदायिक कार्य एकाइ परीक्षा उपलब्धि परीक्षा त्रैमासिक परीक्षा अवलोकन रचनात्मक तथा प्रवर्द्धनात्मक कार्य जस्ता साधन तरिका प्रयोगमा ल्याईने ।
- विद्यार्थीको निर्णयात्मक मूल्याङ्कन गरिने ।
- उपचारात्मक प्रावधान राखी गुणस्तर निश्चित गरे आधारभुत शिक्षामा -कक्षा १ देखि कक्ष ७ सम्म) उद्धार कक्षोन्नतिको  व्यवस्था क्रमिक रुपमा लागु गरिने ।
- यस प्रकारको व्यवस्था भएतापनि कक्षा ५ को अन्त्यमा निश्चित शैक्षिक मापन गरी गुणस्तर कायम गर्न स्रोत केन्द्र तहमा परीक्षा लिइने ।
- विद्यार्थीले कक्षागत सिकाई ,उपलब्धिहरु पूरा गरे-नगरेको , उनीहरुको व्यवहार , प्रवृति क्षमता , सीपमा अपेक्षित परिवर्तन आए-नआएको  र शिक्षण सिकाई क्रियाकलापलाई निरन्तर पृष्ठपोषण प्राप्त गरे-नगरेको निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धतिमा जोड दिइने ।
- विद्यार्थीको आन्तरिक मूल्याङ्कन विद्यालयमा आधारित हुनेछ ।
- विद्यालय,स्रोतकेन्द्र,जिल्लास्तर,क्षेत्रस्तर र राष्ट्रियस्तरमा निर्णयात्मक मूल्याङ्कन सञ्चालन गर्न सम्बन्धमा विद्यालय स्रोतकेन्द्र, जिल्ला, क्षेत्र र केन्द्रिय स्तरका निकायलाई जिम्मेवार बनाईने ।
- विभिन्न तहका  विभिन्न विषयमा विद्यालयीय शिक्षाको  निश्चित तह र उपलब्धिको न्यूनतम स्तर निर्धारण गर्न स्तरीय परीक्षाहरु सञ्चालन गर्ने नीति अवलम्बन गरिने छ ।
- विद्यार्थीहरुको विद्यमान औपचारिक परीक्षा प्रणलीमा आधारित मूल्याङ्कन व्यवस्थाले विद्यार्थीको चौतर्फी क्षमताको विकास गर्न सकेको देखिदैन । यस पक्षलाई सम्बोधन गर्न अक्षराङ्क मूल्याङ्कन पद्धतितर्फको उन्मुखता आवश्यक देखिन्छ । यस पद्धतिलाई स्थापित गर्न अध्ययन र छलफल पछी  आवश्यक निर्णय लिइने, राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) ।

माथि उल्लेखीत नितिहरुलाई विद्यार्थी मूल्याङ्कनको महत्व पूर्ण उपलब्धिको रुपमा लिन सकिन्छ । राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ को  यस प्रकारको  नितिलाई यस अध्ययनको सैद्धान्तिक आधारको रुपमा  लिन सकिन्छ । किन भने  विद्यार्थी मूल्याङ्कन सँग सम्बन्धित

अध्ययन भएकोले र यस प्रकारको नितिगत व्यवस्थाले गर्दा विद्यार्थीको मूल्याङ्कनको सन्दर्भमा सरकारी चासो तथा यसको प्रभावकारी कार्यान्वयनको लागि यथेष्ठ सहयोग पुग्ने विश्वास लिन सकिन्छ ।

सन् १९६७ मा Scriven ले आफ्नो कार्यपत्र the metholdlogy of evaluation मार्फत मूल्याङ्कनलाई सुधारात्मक र निर्णयात्मक गरी दुई भागमा विभाजन गरेका छन् । त्यस पछिको समयहरुमा यी दुई प्रकारका मूल्याङ्कनलाई विश्वव्यापी रुपमा प्रयोग गरिएको पाईन्छ । यी दुई प्रकारका मूल्याङ्कन वारे संक्षेपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :-

सुधारात्मक मूल्याङ्कन - शैक्षिक कार्यक्रम अथावा शिक्षण -सिकाई क्रियाकलापलाई सुधार गर्न सञ्चालित मूल्याङ्कनलाई सुधारात्मक मूल्याङ्कन भनिन्छ । यस प्रकारको मूल्याङ्कन कार्यक्रम वा शिक्षण सिकाई क्रियाकलाप सञ्चालनको अवस्थामा सञ्चालन गरिन्छ । यसको प्रमुख उद्धेश्य कार्यक्रम सञ्चालनको अवस्थामा शिक्षण सिकाई प्रक्रियाको सफलता वारे आवश्यक सूचनाहरु प्रदान गरी निरन्तर पृष्ठपोषण प्रदान गर्नु हो ।

निर्णयात्मक मूल्याङ्कन - निर्णयात्मक मूल्याङ्कन यस प्रकारको मूल्याङ्कन हो जुन कार्यक्रमको समाप्ती पछी अथवा कुनैपनि कार्यक्रम समाप्ति भएपछि सञ्चालन गरिन्छ । यो मूल्याङ्कन कार्यक्रमको उपयोगिता प्रमाणीकरण गर्न, कार्यक्रमको मूल्य र सवल पक्षहरुको लेखाजोखा गर्न तथा संभावित कार्यक्रमका उपभोक्ताहरुलाई कार्यक्रमको मूल्यवारे जानकारी प्रदान गर्न सञ्चालन गरिन्छ , खनाल/तिमिल्सिना (२०६१) ।

उल्लेखित सिद्धान्तहरुलाई यस अध्ययनको सैद्धान्तिक पक्ष अन्तर्गत राख्न सकिन्छ । उपयुक्त सिद्धान्तहरुले वर्तमान परिप्रेक्ष्यमा संस्थागत तथा सामुदायिक विद्यालयहरुमा रहेको मूल्याङ्कन प्रकृयाका कमजोरीहरुलाई औंल्याउन तथा आवश्यक परीमार्जन गरी विद्यार्थी मूल्याङ्कन प्रकृयालाई प्रभावकारी बनाउन उक्त सिद्धान्तहरु मार्ग निर्देशन भएकोले नै यस प्रकारका सैद्धान्तिक पक्षलाई यस अध्ययनको पनि सैद्धान्तिक खाकाको रुपमा लिन सकिन्छ ।


## २.३ शैक्षिक उपादेयता

शिक्षा त्यस्तो  सशक्त माध्यम हो जसले  व्यक्तिको व्यत्तित्व विकास गर्दछ । शिक्षाद्धारा व्यक्तिले ज्ञान,सीप,धारण प्राप्त गरी सक्षम नागरिक बन्छ । शिक्षाको  माध्यमद्धारा, व्यक्तिले स्वतन्त्र पहिचान बनाउन सक्छ ।  समाज परिवर्तन गर्न सक्छ , परम्परागत सोच र धारणमा परिवर्तन ल्याउन सक्छ  । सिङ्गो  राष्ट्र नै परिवर्तन गर्न सक्छ । व्यक्ति आत्मा निर्भर मात्र हुने होईन शिक्षाको  माध्यमबाट नयाँ भूमिका निर्वाह गर्ने अवसर प्राप्त भइरहन्छ ।

शिक्षालाई परम्परागत ढगंबाट अगाडी बढाउन सकिने अवस्था छैन । यसलाई आजको प्रविधिसँग एकाकार गरेर लैजान जरुरी भइसकेको छ । वालवालिकाहलाई परम्परागत शैलिबाट शिक्षण सिकाइ गर्ने प्रवृतिहरुलाई परिवर्तन गर्न खाँचो  महशुस भईरहेको सन्दर्भमा सिकाई उपलब्धिको  मापन तथा मूल्याङ्कनको प्रकृयालाई पनि परम्परागत शैलिबाट परिवर्तन गरी आधुनिक तथा पृथक प्रकृयाहरु अवलम्बन गर्नुपर्ने जरुरी भैइसकेको छ । यसै सन्दर्भमा विद्यार्थीहरुमा  रहेको अन्तरनिहीत प्रतिभाहरुको  पहिचान गरी उनीहरुको मूल्याङ्कन निरन्तर गरीरहनुपर्ने कुरामा कसैको दुईमत नहोला । तथापी प्रभावकारी मूल्याङ्कनको प्रकृयालाई आत्मासाथ गर्न, गराउने हाम्रा सरोकारवाला निकायहरुमो भूमिका उल्लेख्य भने पाइएको छैन । सम्वन्धित साहित्यको अध्ययनबाट पनि प्रभावकारी मूल्याङ्कन प्रकृयालाई अवलम्बन गर्न सम्बन्धित पक्षहरुको  ध्यानाकर्षण गराउने प्रयास गरीएको छ । यस अध्ययनबाट प्राप्त उपादेयतालाई शैक्षणिक मूल्याङ्कन प्रकृयामा नितिगत रुपमा परीवर्तन गर्न, संस्थातगत रुपमा प्रभाव पार्न उल्लेख्य योगदान पुऱ्याउने हुदाँ यसैलाई सम्बन्धित साहित्यको शैक्षिक उपादेयताको रुपमा समेटिएको छ ।

## २.४ अवधारणात्मक ढाँचा

संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मल्याङ्कन प्रक्रियाहरु




माथि उल्लेखित अवधारणात्मक ढाँचालाई हेर्दाखेरि संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कनका नीति, योजना र प्रावधानहरु, विद्यार्थी मूल्याङ्कन प्रक्रिया र अभ्यासहरु र मूल्याङ्कन नतिजाको प्रयोग सम्बन्धमा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयहरुमा विद्यार्थी मूल्याङ्न प्रक्रियाबीचमा के कस्तो खालको भिन्नताहरु रहेका छन् हेर्न सकिन्छ । जस्तो तिनीहरुको योजनामा के कस्तो भिन्नता रहेको छ? प्रक्रियामा के कस्तो भिन्नता रहेको छ? प्रयोगमा के कस्तो भिन्नता रहेको छ? उल्लिखित कुराहरुको बारेमा सरोकारवालाहरुका धारणा बुझ्न त्यसका समस्याहरु पहिचान गर्न, कारणहरु पहिचान गर्न र समस्याहरु समाधानका उपायहरु पहिल्याउन यस अवधारणात्मक ढाँचाले सहयोग पुऱ्याउछ ।

# परिच्छेद-तीन
# अध्ययन विधि

अध्ययन अनुसन्धानलाई सहज तरिकाले सम्पन्न गर्नका लागि निश्चित तरिका एवम् विधिको प्रयोग गर्ने गरिन्छ । अध्ययन गर्ने विधि एवम् तौर तरिकाहरु अध्ययनको उद्देश्य, अनुसन्धानको प्रकृति र अनुसन्धानकर्ताको रुचि एवम आवश्यकतामा निर्भर रहेको र अध्ययन विधिले अध्ययन अनुसन्धानको प्रकृति र अनुसन्धानहरु सहज एवम् सरल तरिकाले सञ्चालन गर्न महत्वपूर्ण भूमिका हुन्छ ।

## ३.१ अनुसन्धान ढाँचा

प्रत्येक अध्ययन अनुसन्धानमा फरक फरक अनुसन्धान ढाँचाको प्रयोग गर्ने गरिन्छ । अनुसन्धान ढाँचा अध्ययनको उद्देश्य अनुसार फरक फरक रहेको पाइन्छ । यस अनुसन्धानमा मुख्यतः गुणात्मक ढाँचाको शोधविधि प्रयोग गरिएको छ ।
यस अध्ययन कार्यलाई पूरा गर्न निम्नलिखित अनुसन्धान ढाँचाको प्रयोग गरिएको छ ।

| क.सं | उद्देश्यहरु | स्रोतहरु | साधनहरु |
|---|---|---|---|
| १ | संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाको पहिचान गर्ने । | शिक्षक प्र.अ. विद्यार्थी, सरोकारवाला | अवलोकन, अन्तर्वार्ता ,प्रश्नावली, विद्यालय अभिलेख , लक्षित समुह छलफल |
| २ | संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाको फरक अध्ययन गर्ने । | शिक्षक, प्र.अ. विद्यार्थी, सरोकारवाला | अवलोकन, अन्तर्वार्ता ,प्रश्नावली लक्षित समुह छलफल |
| ३ | संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाको प्रभावकारीताबारे सरोकारवालाहरुको धारणा पहिल्याउने । | शिक्षक, प्र.अ. विद्यार्थी, सरोकारवाला | अवलोकन, अन्तर्वार्ता ,प्रश्नावली लक्षित समुह छलफल |

## ३.२ जनसंख्या, क्षेत्र र नमुना छनोट प्रकृया

यस अध्ययनको जनसंख्याको रुपमा चितवन जिल्ला पिठुवा गा.वि.स.मा रहेका संस्थागत विद्यालय र सामुदायिक प्राथमिक विद्यालयका शिक्षक , प्र. अ., सरोकारवाला र विद्यार्थीहरुलाई लिइयो ।

### ३.२.१ क्षेत्र छनोट

यस अध्ययनको क्षेत्रको रुपमा चितवन जिल्ला पिठुवा गा.वि.स.मा रहेका विद्यालयहरुमध्ये २ वटा संस्थागत विद्यालय र २ वटा सामुदायिक प्राथमिक विद्यालय गरी जम्मा ४ वटा विद्यालयलाई छनोट गरियो ।

### ३.२.२ विद्यालय छनोट

यस अध्ययनको लागि चितवन जिल्ला पिठुवा गा.वि.स.अन्तर्गतका सामुदायिक विद्यालयहरु मध्येबाट १ वटा संस्थागत विद्यालयहरुमध्येबाट १ वटा गरी जम्मा २ वटा विद्यालयलाई छनोट गरियो । यी विद्यालयहरु छनोट गर्दा सुविधाजनक नमुना छनोट विधिको आधारमा छनोट गरियो । प्रस्तुत विद्यालय अध्ययनकर्ताको घरपायक पर्ने र समय, स्रोत, साधन र आर्थिक दृष्टिकोणले सरल भएकोले छनौट गरिएको हो ।

### ३.२.३ शिक्षक छनोट

यस अध्ययनका लागि विद्यालयमा गरिने विद्यार्थी मूल्याङ्कन प्रक्रियाको जानकारी लिन छनोटमा परेका विद्यालयका प्राथमिक तहका सबै शिक्षकहरुलाई स्वतः नमुनाको रुपमा लिइएको थियो ।

### ३.२.४ विद्यार्थी छनोट

यस अध्ययनका लागि विद्यालयमा गरिने मूल्याङ्कन प्रक्रियाबारे यथार्थ जानकारी प्राप्त गर्न त्यसबाट विद्यार्थी के कति सन्तुष्ट छन् ? जानकारी हासिल गर्नका लागि प्रत्येक विद्यालयका कक्षा ३, ४ र ५ का विद्यार्थीहरुमध्येबाट प्रत्येक कक्षाका सर्वोत्कृष्ट  छात्र १ जना र छात्रा १ जना गरी २ जनाका दरले एउटा विद्यालयबाट ६ जना गरी जम्मा १२ जना विद्यार्थीलाई सुविधाजनक नमुना छनौट विधिबाट नमुनाको रुपमा छनौट गरिएको थियो ।

### ३.२.५ सरोकारवालाको छनोट

यस अध्ययनको लागि विद्यालयमा गरिने विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा सरोकारवालाहरुको धारण बुझ्न नमूना छनौटमा परेका विद्यालयका प्र.अ. स्रोत व्यक्ति, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, अधिभावक संघका अध्यक्षलाई सुविधाजनक नमूना छनौट विधिबाट नमूनाको रुपमा छनौट गरिएको थियो ।

### ३.३ तथ्याङ्क संकलनका स्रोतहरु

कुनैपनि अध्ययन अनुसन्धान गर्न र समस्याहरु पहिल्याउन केही तथ्याङ्क (सूचना) को आवश्यकता पर्दछ ।  तसर्थ यहाँ अध्ययनसँग सम्बन्धित प्राथमिक स्रोत र द्धितीय स्रोतका आधारमा  सूचनाहरु संकलन गरिएको थियो ।

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनका क्रममा अनुसन्धानकर्ता आफै सम्बन्धित क्षेत्रमा गई प्र.अ. शिक्षक, सरोकारवाला र विद्यार्थीसँग औपचारिक एवं अनौपचारिक भेटघाट, खुल्ला प्रश्नावली, अवलोकन, अन्तर्वाता , समुह छलफल मार्फत सूचनाहरु संकलन गरिएको थियो ।

### ३.३.२ द्वितीय स्रोत

प्रतिवेदन लेखनकार्य सम्पन्न गर्नका लागि विद्यालय मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित विभिन्न लिखित दस्तावेज, रेकर्ड फाईलहरु , पुस्तक, पत्रपत्रिकाहरु तथा विद्यालय मूल्याङ्कन प्रक्रियासँग सम्बन्धित प्रकाशित लेख, अनुसन्धान सम्बन्धी पुस्तक आदिलाई आधार मानी सूचना संकलन गरिएको थियो ।

## ३.४ अध्ययनका साधनहरु

अनुसन्धान समस्यालाई समाधान गर्नका लागि सर्वसुलभ र अर्थपूर्ण सूचना सङ्कलन गर्ने उद्धेश्यले नै साधनको प्रयोग गर्ने गरिन्छ । सूचना तथा तथ्याङ्क संकलन गर्नका लागि विभिन्न किसिमका उपयोगी साधनहरुको विकास गरियो । यस अध्ययनको लागि निम्न साधनहरुको प्रयोग गरियो ।

### ३.४.१ विद्यालय अभिलेख

नमूना छनौटमा परेका विद्यालयहरुमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु के-कस्तो संचालन गरेका छन ? त्यसलाई हेर्नको लागि विद्यालयले विद्यार्थी मूल्याङ्कन सम्बन्धी राखेको अभिलेख हेरियो ।

### ३.४.२ अन्तर्वाता निर्देशिका

नमूना छनौटमा परेका विद्यालयका प्रधाननध्यपक, शिक्षक, विद्यार्थी र सरोकारवालाहरुबाट अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु संङकलन गर्नका लागि अन्तर्वाता निर्देशिकाको उपयोग गरियो ।

### ३.४.३ प्रश्नावली

छनोटमा परेका विद्यालयका प्र.अ र शिक्षकहरुबाट अध्ययनसँग सम्बन्धित आवश्यक सूचनाहरु सङ्कलन गर्नका लागि प्रश्नावलीको उपयोग गरियो ।

### ३.४.४ अवलोकन

छनोटमा परेका विद्यालयमा वास्तविक रुपमा त्यहाँको मूल्याङ्कन प्रक्रियाको बारेमा जानकारी हासिल गर्न र त्यसमा देखिएका समानता, असमानता र कमजोरीहरु पत्ता लगाउन तथा शैक्षिक उपलब्धिको वास्तविक अवस्थाको पहिचान गर्न मिश्रित अवलोकन विधिको उपयोग गरिएको थियो ।

## ३.५ सूचना सङ्कलनको प्रक्रिया

यस अध्ययन कार्यको लागि अनुसन्धानकर्ताद्धारा स्वयं तथ्याङ्क सङ्कलनको लागि तयार पारिएको खुला प्रश्नावली प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको थियो । जसको लागि छनौटमा परेका विद्यालयका शिक्षक , प्र.अ.,विद्यार्थी र सरोकारवाला सँग सम्पर्क गरी तयार पारिएको प्रश्नावली र अन्तर्वाता निर्देशिका मार्फत तथ्याङ्क सङ्कलन गरियो ।

## ३.६ तथ्याङ्कको व्याख्या र विश्लेषण

अध्ययनको लागि तयार पारिएको प्राथमिक र साहायक स्रोतबाट संकलित तथ्याङ्कहरुको ब्याख्य र विश्लेषण महत्वपूर्ण पक्ष हो । विभिन्न किसिमका प्राथमिक द्धितीय स्रोतबाट संकलित तथ्याङ्कहरु आवश्यकता अनुसार प्रशोधन गरेर मात्र प्रयोग गर्नु पर्दछ । यस अध्ययन गुणात्मक भएको हुदाँ प्राथमिक र द्धितीय स्रोतबाट प्राप्त तथ्यगत धारणहरुलाई निष्कर्षमा आवश्यक बाटाहरु पहिल्याउन बर्णनात्मक तरिकाले ब्याख्या र विश्लेषण गरिएको छ ।

# परिच्छेद-चार

# सूचनाको विश्लेषण र व्याख्या

अध्ययन अनुसन्धानका क्रममा छनोटमा परेका विद्यालयको अभिलेख, प्रधानाध्यापक, शिक्षक , विद्यार्थी र सरोकारवालाबाट प्राप्त प्रतिक्रियाहरु एंव सुचनाहरुलाई गुणात्मक रुपमा विश्लेषण गरिएको छ ।

## ४.१ सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबीचको समानता र भिन्नता

प्राथमिक तहको मूल्याङ्कन प्रक्रियालाई हेर्दा मूल्याााङ्कन औपचारिक र अनौपचारिक गरी दुई तरिकाबाट हुने औपचारिक मूल्याङ्कन तर्फ प्रत्येक शैक्षिक सत्रमा प्रत्येक कक्षामा २ ओटा त्रैमासिक परीक्षा र एउटा वार्षिक परीक्षा हुनेछ । प्रथम त्रैमासिक शैक्षिक शुरु भएको ३ महिनापछि अनिवार्य रुपले लिनु पर्नेछ । यस परीक्षामा उक्त अवधिमा पढाई भएका पाठ्यांसका आधारमा परीक्षा हुनेछ । पहिलो त्रैमासिक भएको ३ महिनापछि दोस्रो त्रैमासिक परिक्षा लिनुपर्नेछ । यस परीक्षामा दोस्रो त्रैमासिक पढाई भएका पाठ्यांसका आधारमा परीक्षा हुनेछ । आवश्यक परेमा पहिलो त्रैमासिकको केहि पाठ्यांस पनि समावेश हुन सक्नेछ । त्यस्तै शैक्षिक सत्रको अन्त्यमा वार्षिक परीक्षा हुनेछ । वार्षिक परीक्षामा सम्बन्धित कक्षाका निमित्त तोकिएका सम्पूर्ण पाठ्यांसको परीक्षा हुनेछ । प्रत्येक परीक्षाको पूर्णङ्क पाठ्यक्रममा प्रत्येक विषयको लागि तोकिएअनुसारको पूर्णाङ्कका आधारमा हुनेछ । वार्षिक लब्धाङ्क पहिलो त्रैमासिक १०% दोस्रो त्रैमासिकको ३०% र अन्तिम परीक्षाको ६०% लब्धाङ्क जोडेर निकाल्नु पर्नेछ । (प्राथमिक शिक्षा पाठ्यक्रम २०४९, खण्ड २)

प्राथमिक तहको अनौपचारिका मूल्याङ्कन सन्दर्भमा पाठ्क्रममा एकाई परीक्षा र मौका परीक्षा लिनुपर्ने प्रावधान भएपनि सोको कार्यान्वयन गरेको भने पाइएन ।

संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मुलयाङ्कन प्रक्रियाबारे नमुना छनोटमा परेका प्रधानाध्यापक, शिक्षक, विद्याथी र सरोकारवालासँग अन्तर्वाता

निर्देशिका र लच्छित समुह छलफल निर्देशिका र प्रश्नावलीको माध्यमबाट मूल्याङ्कन प्रणलीबारे सूचना सङ्कलन गरिएको थियो । यसरी प्राप्त भएको सूचनालाई विश्लेषण गर्दा संस्थागत र सामुदायिक विद्यालयमा मूल्याङ्कन प्रक्रिया निम्नानुसार गर्ने गरेको पाइयो ।

**तालिका नं १**

**संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु**

| संस्थागत विद्यालय तर्फ | | | | सामुदायिक विद्यालय तर्फ | | | |
|---|---|---|---|---|---|---|---|
| नियमित | साप्ताहिक | मासिक | वार्षिक | नियमित | सप्ताहिक | मासिक | वाषिर्क |
| सरसफाइ, ड्रेस, झोला, जुत्ता , नङ काटे नकाटेको, हाजिरी, गृहकार्य | कक्षा परीक्षा , प्रश्नउत्तर छलफल अतिरिक्त क्रियाकलाप | प्रथम त्रैमासिक , दोस्रो त्रैमासिक वा अर्धवार्षिक | वार्षिक परीक्षा | हाजिरी | अतिरिक्त क्रियाकलाप | प्रथम त्रैमासिक , दोस्रो त्रैमासिक वा अर्धवार्षिक | वार्षिक परीक्षा |

माथिको तालिकाबाट प्राप्त सूचनाहरुलाई विश्लेषण गर्दा संस्थागत र सामुदयिक प्राथमिक विद्यालयले सञ्चालन गरेका विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुमा केही समानता र केही भिन्नताहरु पाइयो । यी मध्ये संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थीलाई कक्षा उन्नति गर्ने मुल्याङ्कन प्रक्रियाहरुपमा प्रथम त्रैमासिक परीक्षा , दोस्रो त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परिक्षा रहेका छन् । त्यसैगरी सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी कक्षा उन्नति नगर्ने मुल्याङ्कन प्रक्रियाहरुमा हाजिरी , सरसफाइ, ड्रेस, झोला, जुत्ता, नङ्ग काटे नकाटेको हेर्ने अतिरिक्त क्रियालाप कक्षा परीक्षा साप्ताहिक परीक्षा, गृहकार्य, प्रश्न उत्तर, छलफल रहेका छन् ।

संस्थागत विद्यालयले विद्यार्थीको नियमित मूल्याङ्कन अन्तर्गत हरेक दिन विद्यालयको प्राथना सभामा विद्यार्थीको सरसफाइ, पोसाक, झोला, जुत्ता, नङ्ग काटेको नकाटेको

हेर्ने गरेको देखियो भने सामुदायिक विद्यालयमा त्यस्ता कार्यहरु नियमित गर्ने गरेको देखिएन । संस्थागत र सामुदायिक दुवै विद्यालयले विद्यार्थीको नियमित रुपमा हाजिरी गर्ने गरको पाइयो । संस्थागत विद्यालयले विद्यार्थीको गृहकार्य नियमित दिने गरेको र जाँच्ने गरेको र नियमित रुपमा साप्ताहिक परीक्षा समेत गर्ने गरेको पाइयो तर सामुदायिक विद्यालयमा नियमित गृहकार्य दिने र जाँच्ने गरेको पाइएन कहिलेकाही मात्र दिने गरेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयले हरेक महिनाको अन्तिम शुक्रबार नियमित रुपमा अतिरिक्त क्रियाकलापको आयोजना गर्ने गरेको पाइयो । जसमा खेलकुद, हाजिरी जवाफ, हिज्जे , नृत्य लगायतका कार्यक्रयहरु रहेका छन् । यसै गरी संस्थागत विद्यालयले ४ पटक प्रथम त्रैमासिक , दोस्रो त्रैमासिक , अर्धवार्षिक र वार्षिक परीक्षा गर्ने गरेको र सामुदायिक विद्यालयले ३ पटक प्रथम त्रैमासिक दोस्रो त्रैमासिक (अर्धवार्षिक) र वार्षिक परीक्षा सञ्चालन गर्ने गरेको पाइयो ।

### ४.१.१ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित औपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु

औपचारिक मूल्याङ्कन प्रक्रिया भन्नाले पूर्वनिर्धारित उद्देश्य र साधनहरुको निर्माण गरी निश्चित प्रक्रियाबाट मूल्याङ्कन गर्नुलाई लिइन्छ । प्राथमिक तहको पाठ्यक्रममा औपचारिक मुल्याङ्कनमा प्रथम त्रैमासिक परीक्षा, दोस्रो त्रैमासिक परीक्षा र वार्षिक परीक्षा गरी ३ वटा परीक्षा हुने व्यवस्था छ । यसको लागि प्रथम त्रैमासिकको १० अङ्क दोस्रो त्रैमासिकको ३० अङ्क र वार्षिक परीक्षाको ६० अङ्क छुट्याइएको पाइन्छ । छनोटमा परेका विद्यालयको वार्षिक परीक्षा प्रणाली बारे अध्ययन गर्दा निम्नानुसार पाइएको थियो ।

### तालिका नं २

### संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित औपचारिक विद्यार्थी मुल्याङ्कन प्रक्रियाहरु

| संस्थागत विद्यालय | | सामुदायिक विद्यालय | |
|---|---|---|---|
| परीक्षा | पूर्णाङ्क | परीक्षा | पूर्णाङ्क |
| प्रथम त्रैमासिक | १० | प्रथम त्रैमासिक | १० |
| दोस्रो त्रैमासिक | १५ | - | |
| अर्धवार्षिक | १५ | अर्धवार्षिक | ३० |
| वार्षिक | ६० | वार्षिक | ६० |

माथिको तालिका बाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत विद्यालयमा औपचारिक मूल्याङ्कन अन्तर्गत विद्यालय आफैले ४ पटक प्रथम त्रैमासिक १० पूर्णाङ्क, दोस्रो त्रैमासिक १५ पूर्णाङ्क, अर्धवार्षिक १५ पूर्णाङ्क र वार्षिक परीक्षा ६० पूर्णाङ्कको सञ्चालन गरेको पाइयो । यसैगरी सामुदायिक विद्यालयले विद्यार्थीको औपचारिक मूल्याङ्कन अन्तर्गत ३ पटक प्रथम त्रैमासिक परीक्षा १० पूर्णाङ्क, दोस्रो त्रैमासिक वा अर्धवार्षिक परीक्षा ३० पूर्णाङ्क र वार्षिक परीक्षा ६० पूर्णाङ्कको सञ्चालन गरेको पाइयो । संस्थागत र सामदायिक विद्यालयले प्रथम त्रैमासिक परीक्षा १० पूर्णाङ्क र वार्षिक परीक्षा ६० पूर्णाङ्कको समान रुपमा लागु गरेका छन् । भने संस्थागतले दोस्रो त्रैमासिक १५ पूर्णाङ्क र अर्धवार्षिक १५ पूर्णाङ्क कायम गरेको छ भने सामुदायिकमा अर्धवार्षिक परीक्षामात्र ३० पूर्णाङ्कको कायम गरिएको पाइयो । सामुदायिक विद्यालयले प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार विद्यार्थीको औपचारिक मूल्याङ्कन गर्ने गरेको पाइयो ।

### ४.१.२ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित अनौपचारिक विद्यार्थी मुल्याङ्कन प्रक्रियाहरु

विद्यार्थीले गरेका सुधारहरुलाई पूर्वनियोजित नभई कुनै पनि औपचारिक साधन र स्रोतको प्रयोग नगरी जुनसुकै समयमा विद्यार्थीका विभिन्न व्यवहारको अवलोकन गर्नुलाई अनौपचारिक

मूल्याङ्कन भनिन्छ । यसको प्रयोग अध्ययन क्षेत्रमा परेका संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा निम्नानुसार पाइयो ।

**तालिका नं ३**

**संस्थागत र सामुदायिक विद्यालयमा सञ्चालित अनौपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रिया**

| संस्थागत विद्यालयमा अनौपचारिक मूल्याङ्कन | सामुदायिक विद्यालयमा अनौपचारिक विद्यार्थी मूल्याङ्कन |
|---|---|
| दैनिक हाजिरी, अनुशासन, स्वास्थ्य र सरसफाइ ,खेलकुद, दौड, हिज्जे, कविता, अवलोकन, हाजिरी जवाफ | दैनिक हाजिरी, अनुशासन, स्वास्थ्य र सरसफाइ, खेलकुद, दौड, हिज्जे, कविता ,अवलोकन, हाजिरी जवाफ |

माथिको तालिकाबाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत विद्यालयमा गर्ने अनौपचारिक विद्यार्थी मुल्याङ्कनमा विद्यार्थीको हाजिरी नियमित रुपमा गर्ने गरेको, अनुशासन नियमित हेर्ने गरेको, स्वास्थ्य र सरसफाइमा नियमित रुपमा पोशाक, झोला, जुत्ता, नङ्ग काटेको नकाटेको, मासिक रुपमा खेलकुद प्रतियोगिता आयोजना गरी त्यसको अभिलेख राख्ने गरेको पाइयो । संस्थागत विद्यालयमा विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा कुनै अङ्क नछुट्याएको तर वार्षिक रुपमा विद्यालयले आयोजना गर्ने कार्यक्रममा हाजिरी , अनुशासन, स्वास्थ्य र सरसफाइ, खेलकुद , दौड, हिज्जे , कविता, हाजिरी जवाफ जस्ता प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो हुनेलाई पुरस्कार वितरण गरिदो रहेछ ।

यसैगरी सामुदायिक विद्यालयले गर्ने अनौपचारिक मूल्याङ्कन प्रक्रियामा विद्यार्थीको हाजिरी नियमित गनै गरेको स्वास्थ्य र सरसफाइ , अनुशासनको अवलोकन कहिलेकाहीँ गर्ने गरेको मासिक रुपमा अतिरिक्त क्रियाकलापको आयोजना गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा पनि अनौपचारिक विद्यार्थी मूल्याङ्कनका लागि कुनै अङ्क नछुट्याइएको रहेछ तर वार्षिक रुपमा विद्यार्थीका अतिरिक्त क्रियाकलापमा सहभागिता जनाए अनुसार विद्यालयको वार्षिक उत्सवका दिन हाजिरीमा प्रथम, अनुशासनमा प्रथम, दौड, हिज्जे , कविता, हाजिरी जवाफ र अन्य खेलकुद प्रतियोगितामा प्रथम, दोस्रो र तेस्रो स्थान ल्याउनेलाई पुरस्कार वितवरण गरेको पाइयो ।

श्री जनदया माध्यमिक विद्यालयका प्रधानाध्यापकले अनौपचारिक मुल्याङ्कनलाई पनि निश्चित अङ्क राखेर वार्षिक परीक्षा प्रणालीमा जोड्दा राम्रो हुने धारणा व्यक्त गर्नुभयो । यसरी परीक्षा प्रणालीमा औपचारिक परीक्षा प्रणालीलाई मात्र जोड दिँदा विद्यार्थीका अन्य क्रियाकलापहरुको मापन हुन सक्दैन । विद्यार्थीहरु परीक्षामुखी मात्र भएर पढ्छन् तसर्थ विद्यार्थीका अन्य व्यवहारहरुको मापन गर्न र विद्यार्थीहरुलाई विभिन्न अतिरिक्ति क्रियाकलापमा सहभागी गराएर उनीहरुको शारीरिक, मानसिक, संवेगात्मक र सामाजिक व्यवहारको विकस गराउन अनौपचारिक मूल्याङ्कन गर्नुपर्ने देखिन्छ ।

अनौपचारिक मूल्याङ्कनको एक साधन गृहकार्य पनि हो । गृहकार्यको परिक्षण सम्बन्धमा संस्थागत र सामुदायिक विद्यालयमा निम्नानुसार पाइयो ।

**तालिका न.४**

**संस्थागत र सामुदायिक विद्यालयमा गृहकार्य परीक्षण सम्बन्धी व्यवस्था**

| संस्थागत विद्यालय | सामुदायिक विद्यालय |
|---|---|
| नियमित सबै विषयको, शिक्षक आफैले परिक्षण गर्ने , कहिलेकाहिँ साथीद्वारा परीक्षण गराउने | कहिलेकाहिँ, साथीद्वारा परीक्षण गराउने , मुख्य विषयको शिक्षक आफैले परीक्षण गर्ने |

माथिको तालिकाबाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत विद्यालयमा नियमित रुपमा सबै विषयमा गृहकार्य दिने गरेको र नियमित रुपमा शिक्षक आफैले गृहकार्य जाँच गर्ने गरेको पाइयो । यसै गरी सामुदायिक विद्यालयमा शिक्षकले नियमित रुपमा सबै विषयमा गृहकार्य नदिने गरेको कहिलेकाहीँ दिने गरेको गणित , अङ्ग्रेजी विषयमा अलि बढी दिने गरेको तर कहिलेकाहिँ मात्र जाँच गर्ने गरेको पाइएको थियो । यसरी संस्थागत र सामुदायिक विद्यालयमा गृहकार्य प्रयोगको अवस्था सम्बन्धमा संस्थागत विद्यालयका शिक्षकले नियमित रुपमा सबै विषयमा गृहकार्य दिने गरेका र नियमित रुपमा गृहकार्य जाँच गरेको पाइयो । यसो हुनाको कारणमा संस्थागत विद्यालयमा विद्यार्थी सङ्ख्या कम भएकोले सबैको गृहकार्य जाँच गर्न समय पुगेको देखिन्छ । यसैगरी सामुदायिक विद्यालयमा शिक्षकले नियमित रुपमा गृहकार्य नदिने कहिलेकाही दिने र जाँच गर्न कहिले शिक्षक आफैले गर्ने र

कहिले कक्षाको प्रथम विद्यार्थीलाई अरु साथीको गृहकार्य जाँच गर्न लगाउने गरेको पाइयो । यसो हुनाको कारणमा विद्यार्थी संख्या बढी रहेकाले सबै विद्यार्थीलाई गृहकार्य दिएर जाँच गर्न नसकिने समय नहुने धारणा शिक्षकको थियो ।

### ४.१.३. संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा प्रश्नपत्रको निर्माण प्रक्रिया

संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनको मुख्य साधन परीक्षा हो । त्यसकारण परीक्षा सञ्चालनका लागि पश्नपत्रको निर्माण गर्नुपर्ने हुन्छ । प्रश्नपत्र निर्माण गर्दा विषयवस्तुको उद्देश्य विशिष्टीकरण तालिका निर्माण , प्रश्नको कठिनाइ स्तर र उत्तर कुञ्जिका निर्माण गर्नुपर्दछ । जसको फलस्वरुप विषयगत वैधता प्राप्त हुन्छ । प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले प्रश्नपत्र निर्माण गर्दा कक्षा १ र कक्षा २ का लागि छोटा उत्तर आउने, एक वाक्य वा शब्दमा उत्तर आउने खालका र कक्षा ३ कक्षा ४ र कक्षा ५ का लागि केही लामा २ वा ३ वाक्यमा उत्तर आउने खालका हुनपर्छ भनेको छ ।

सामुदायिक प्राथमिक विद्यालयमा संचालन हुने परीक्षाको प्रश्नपत्र निर्माण स्रोतकेन्द्र अन्तर्गत रहेका विभिन्न विद्यालयका विषय शिक्षकहरुले गर्दछन् । र यसरी तयार पारिएको प्रश्नपत्र श्रोतकेन्द्रमा रहेको परीक्षा उपसमितिले आवश्यक परिमार्जन गरि प्रश्नपत्रको छपाई गर्दछन अध्ययनमा लिइएको विद्यालय पिठुवा श्रोतकेन्द्र अर्न्तगत पर्ने हुदाँ यस विद्यालयको प्रश्नपत्र निमार्णको सम्पूर्ण जवाफदेहिता पनि पिठुवा श्रोतकेन्द्रमा नै निहित रहेको छ ।

यसैगरी संस्थागत विद्यालयहरुमा संचालन हुने परीक्षाको प्रश्नपत्र संस्थागत विद्यालयहरुको साझा संगठन अन्तर्गत रहेको पूर्वी चितवन संस्थागत विद्यालय संगठन (Estern Chitwan Orgnaziation of Boarding School) ले निमार्ण गर्ने गर्दछ । इकोब्सले पनि आफ्नो सदस्य विद्यालय अन्तर्गतका विषय शिक्षकसँग प्रश्नपत्र तयार गर्न लगाई त्यसमा आवश्यक परिमार्जन गरी प्रश्नपत्रको छपाई गर्दछ । र यस अध्ययनमा छनौट गरिएको संस्थागत विद्यालय पनि इकोब्सको सदस्य विद्यालय भएकोले प्रश्नपत्रको निर्माण प्रक्रियाको सम्पूर्ण जवाफदेहिता इकोब्समा रहेको पाइयो ।

## ४.२ निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई तुलनात्मक रुपमा अध्ययन गर्दा सामुदायिक प्राथमिक विद्यालयभन्दा संस्थागत विद्यालयले निरन्तर विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो, संस्थागत विद्यालयले हरेक दिन प्राथना सभामा विद्यार्थीको ड्रेस, झोला, जुत्ता, नङ्ग काटे नकाटेको, जस्ता व्यवहारहरु हेर्ने गरेको र सुझाव समते दिने गरेको पाइयो, त्यसैगरी कक्षा अवलोकन र विद्यार्थीबाट प्राप्त प्रतिक्रिया अनुसार नियमित रुपमा हाजिर हुने हरेक विषयमा नियमित रुपमा गृहकार्य दिने र परीक्षण गर्ने, पाठ पढाउँदा बीच-बीचमा प्रश्न सोध्ने छलफल गर्ने गरेको पाइयो । यसैगरी सामुदायिक विद्यालयमा भने संस्थागत विद्यालयमा जस्तो निरन्तर विद्यार्थी मुल्याङ्गन प्रक्रिया पाइएन । सामुदायिक विद्यालयमा विद्यार्थीको हाजिरी नियमित रुपमा गर्ने गरेको पाइयो । विद्यार्थीको ड्रेस, झोला, नङ्ग काटे नकाटेको , जुत्ता आदिको नियमित जाँच नगरिने तर ड्रेस लगाउन चाहिँ कहिलेकाहीँ भनिदो रहेछ र ड्रेस नलगाउनेलाई कक्षामा पढ्न नदिने गरेको पाइयो । त्यसैगरी कक्षा अवलोकन र विद्यार्थीबाटा प्राप्त प्रतिक्रिया अनुसार नियमित हाजिर हुने, गृहकार्य कहिलेकाहीँ दिने र नियमित जाँच नगर्ने, कहिले झुक्याएर गृहकार्य जाँच गर्ने गरेको पाइयो । कक्षामा शिक्षकले पढाउँदा विषयसँग सम्बन्धित प्रश्नहरु,विद्यार्थीलाई कमै मात्रामा सोध्ने गरेको पाइयो । त्यसैगरी साप्ताहिक परीक्षा र मासिक परीक्षा नलिएको पाइयो ।

### ४.२.१ बीच बीचमा सञ्चालन गरिने विद्यार्थी मूल्याङ्कन प्रक्रिया

नमुना छनौटमा परेका विद्यालयमा गरिने बीच बीचका मूल्याङ्कन प्रक्रियाहरु निम्नानुसार पाइयो । संस्थागत विद्यालयमा साप्ताहिक परीक्षा, मासिक परीक्षा, प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक परीक्षा र अर्धवार्षिक परीक्षा सञ्चालन गरिने गरेको पाइयो । त्यसै गरी सामुदायिक विद्यालयतर्फ गरिने बीच बीचको मूल्याङ्कन प्रक्रियामा प्रथम त्रैमासिक परीक्षा, द्वितीय त्रैमासिक वा अर्धवार्षिक परीक्षा रहेको पाइयो ।

### ४.२.२ अन्तिम विद्यार्थी मुल्याङ्कन प्रक्रिया

अध्ययन क्षेत्रको रुपमा नमुना छनोटमा परेका विद्यालयका प्रधानाध्यापक , शिक्षक र विद्यार्थी र सरोकारवालाबाट प्राप्त प्रतित्रियालाई विश्लेषण गर्दा संस्थागत र सामुदायिक दुवै विद्यालयमा अन्तिम विद्यार्थी मूल्याङ्कनका रुपमा वार्षिक परीक्षालाई लिइएको पाइयो ।

### ४.२.३ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन नतिजाको प्रयोग सम्बन्धी व्यवस्था

अध्ययन क्षेत्रबाट प्राप्त सूचनाको आधारमा नमुना छनोटमा परेका विद्यालयमा मूल्याङ्कन नतिजाको प्रयोग सम्बन्धमा निम्न अवस्था पाइएको थियो । संस्थागत विद्यालयमा विद्यार्थीको हरेक परीक्षाको लब्धाङ्कपत्र तयार गरी विद्यार्थीलाई दिने र अभिभावकलाई त्यसमा सही गराएर ल्याउनुपर्ने प्रावधान रहेको पाइयो । यसैलाई संस्थागत विद्यालयले विद्यार्थी मूल्याङ्कन प्रतिवेदनको रुपमा लिएर कमी कमजोरी पाइएका विषयमा पृष्ठपोषण दिने गरेको पाइयो । त्यसैगरी कक्षामा गृहकार्य नगर्ने विद्यार्थीलाई दण्डको रुपमा उठबस गर्न लगाउने, घुँडा टेकेर उभ्याउने गरेको पाइयो । गृहकार्य राम्रो गर्ने विद्यार्थीलाई प्रशंसा गर्ने स्यावास , ठीक छ , धेरै राम्रो भन्ने गरेको पाइयो ।

त्यसैगरी हरेक विद्यार्थीको परीक्षाको लब्धाङ्कपत्र तयार गरी प्रत्येक विषयमा उसको के कस्तो उपलब्धि प्राप्त भएको छ। त्यसको अभिलेख राखी प्रगति प्रतिवेदनको तयार पारेको पाइयो त्यैगरी विद्यार्थीका अन्य व्यवहारहरु नियमित हाजिरी, स्वास्थ्य र सरसफाइ, अतिरिक्ति क्रियाकलापमा सहभागिताको मूल्याङ्कन गरी त्यसको प्रतिवेदन तयार गरेको र विद्यालयको वार्षिक उत्सवमा पुरस्कार वितरण गर्ने गरेको पाइयो । त्यस्तै गरी सामुदायिक प्राथमिक विद्यालयमा पनि विद्यार्थीको हाजिरी, अतिरिक्त क्रियाकलापमा सहभागिता आदिको अवलोकन गरी वार्षिक रुपमा उत्कृष्ट विद्यार्थीलाई पुरस्कार दिने गरेको पाइयो । सामुदायिक विद्यालयमा विद्यार्थीको हाजिरीको नियमित रेकर्ड राख्ने गरेको पाइयो भने अन्य अतिरिक्त क्रियाकलापहरुको चाहिँ वार्षिक रुपमा प्रतिवेदन तयार गरेको पाइयो । सामुदायिक विद्यालयमा पनि विद्यार्थीको वार्षिक परीक्षाको उपलब्धिको आधारमा उपलब्धि रेकर्ड राख्ने

गरेको पाइयो । तर लब्धाङ्कपत्र विधार्थीलाई दिएर अभिभावककहाँ पठाउने गरेको पाइएन तर कुनै विद्यार्थीले लब्धाङ्कपत्र लिन चाहेर लब्धाङ्कपत्र बनाएर दिने गरेको पाइयो ।

विद्यार्थीको शारीरिक, मानसिक र संवेगात्मक पक्षको किकासका साथै उसले प्राप्त गर्ने शैक्षिक उपलब्धिको लेखाजोखा गरी कमीकमजोरी भएका पक्षमा सुधार गर्न हरेक विद्यार्थीको प्रगतिप्रतिवेदन तयार पारेमा विद्यार्थीका कमीकमजोरीहरु हटाउन सहयोग पुग्नेछ र त्यसबाट राम्रो शैक्षिक उपलब्धि हासिल गर्न सकिन्छ भन्ने धारणा विद्यालयका शिक्षक र प्रधानाध्यापकको रहेको थियो ।

## ४.३ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाबारे सरोकारवालाहरुको धारणा

यस अध्ययनको लागि नमुना छनोटमा परेका प्रधानाध्यापकबाट निम्न प्रतित्रियाहरु पाइएको थियो । दुईवटै विद्यालयका प्रधानाध्यापकको धारणा अनुसार औपचारिक विद्यार्थी मूल्याङ्कन प्रक्रियामा त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षाको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । अनौपचारिक विद्यार्थी मूल्याङ्कनका साधनमा भने संस्थागत विद्यालयले विद्यार्थीको हाजिरी, कक्षा परीक्षा साप्ताहिक परीक्षा, मासिक परीक्षा, अतिरिक्त क्रियाकलापको अवलोकन गर्ने गरेको पाइयो तर यी अनौपचारिक मूल्याङ्कनको लागि कुनै अङ्कको व्यवस्था गरेको पाइएन र वार्षिक परीक्षाको नतिजापछि विद्यालयको वार्षिक उत्सवमा हाजिरीमा प्रथम, अतिरिक्त क्रियाकलापमा प्रथम हुने विद्यार्थीलाई पुरस्कार दिइने गरेको पाइयो । त्यसैगरी सामुदायिक विद्यालयमा पनि विद्यार्थीको हाजिरी, अतिरिक्त क्रियाकलापको अवलोकन गर्ने गरेको तर कक्षा परीक्षा, साप्ताहिक परीक्षा, मासिक परीक्षा सञ्चालन नगरेको पाइयो । त्यसैगरी दुवै विद्यालयमा विद्यार्थीको औपचारिक मूल्याङ्कन विद्यार्थीलाई कक्षा चढाउन र पास फेल निर्धारण गर्न गरेको पाइयो । भने अनौपचारिक मूल्याङ्कन विद्यार्थीको शारीरिक , मानसिक र संवेगात्मक पक्षको विकासका लागि गर्ने गरेको कुरा प्रधानाध्यापकबाट जानकारी भयो ।

त्यसैगरी शिक्षकहरुबाट प्राप्त प्रतिक्रियालाई हेर्दा खेरि पनि विद्यार्थी मूल्याङ्कनमा औपचारिक मूल्याङ्कनमा बढी जोड दिइएको र औपचारिक मूल्याङ्कनलाई विद्यार्थीको पास फेल निर्धारण गर्न र कक्षा चढाउन प्रयोग गरिने गरेको पाइयो । त्यसैगरी विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा विद्यार्थीको नियमित उपस्थिति, विषयगत उपलब्धि, अतिरिक्त क्रियाकलापमा सहभागिता, स्वास्थ्य र सरसफाइको अवस्था आदि हेरेर वार्षिक रुपमा उत्कृष्ट हुने विद्यार्थीलाई पुरस्कार दिने गरेको कुरा व्यक्त भयो । विद्यार्थीको मूल्याङ्कन गर्दा औपचारिक मूल्याङ्कनमा मात्र केन्द्रित नरही अन्य क्रियाकलापहरु, हाजिरी, खेलकुद, अतिरिक्त क्रियाकलाप, स्वास्थ्य र सरसफाइको लागि पनि केही अङ्क छुट्याएर वार्षिक परीक्षामा जोड्नुपर्ने कुरा व्यक्त भयो । यसो गर्दा विद्यार्थीमा पनि वार्षिक परीक्षामा मात्र केन्द्रित हुन पर्ने र अन्य अतिरिक्त क्रियाकलापप्रति चाख बढ्ने हुनाले विद्यार्थीले हरेक क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल गर्न सक्ने कुरा व्यक्त भएको पाइयो ।

विद्यार्थीहरुबाट प्राप्त धारणा अनुसार विद्यालयले नियमित हाजिरी लिने गरेको, औपचारिक परीक्षाहरु त्रैमासिक परीक्षा र वार्षिक परीक्षा लिने गरेको, समय समयमा अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरेको र त्यसमा सहभागिता जनाउने गरेको कुरा व्यक्त गरेका थिए ।

यसरी अन्य सरोकारावालाहरुबाट प्राप्त धारणा अनुसार विद्यार्थीको मूल्याङ्कनको लागि औपचारिक मूल्याङ्कनलाई प्रमुख आधार मानिएको पाइयो । त्यसैका आधारमा विद्यार्थीलाई कक्षा चढाउने र नचढाउने निर्णय गर्ने गरेको पाइयो । अन्य अपौचारिक मूल्याङ्कनको सवालमा संस्थागत विद्यालयले विभिन्न क्रियाकलाप संचालन गरेपनि त्यसलाई अङ्क प्रदान गर्ने गरेको पाइएन ।

यसरी शिक्षक, प्रधानाध्यपक र विद्यार्थीहरुबाट प्राप्त धारणालाई विश्लेषण गर्दाखेरि दुबै विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यार्थीहरुले औपचारिक मूल्याङ्कनलाई मात्र जोड नदिई अनौपचारिक मूल्याङ्कनलाई पनि नियमित रुपमा सञ्चालन गर्नुपर्ने, अनौपचारिक मूल्याङ्कनका लागि पनि परीक्षामा केही निश्चित पूर्णाङ्कको व्यवस्था गर्नुपर्ने कुरा उल्लेख गरेका थिए । यसरी अनौपचारिक मूल्याङ्कनमा जोड दिनाले विद्यार्थीको सम्पूर्ण पक्षको

मापन गर्न सकिने कुरा शिक्षक, प्रधानाध्यापक र अन्य सरोकारवालाहरुले व्यक्त गरे । अनौपचारिक मूल्याङ्कनले विद्यार्थीमा परीक्षामुखी दृष्टिकोण बदलिने र अन्य अतिरिक्त क्रियाकलापप्रति बढी चाख बढ्ने हुनाले विद्यार्थीको शारीरिक मानसिक र संवेगात्मक पक्षको विकास हुने कुरा व्यक्त गरेको पाइयो ।

**तालिका नं ५**

**संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रणालीका समानता र भिन्नताहरु**

| क.सं. | मूल्याङ्कन प्रक्रिया | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|---|
| १. | कक्षा परीक्षा | ✘ | ✓ |
| २. | साप्ताहिक परीक्षा | ✘ | ✓ |
| ३. | प्रथम त्रैमासिक परीक्षा, | ✓ | ✓ |
| ४. | दोस्रो त्रमासिक परीक्षा | ✓ | ✓ |
| ५. | अर्धवार्षिक परीक्षा | ✓ | ✓ |
| ६. | वार्षिक परीक्षा | ✓ | ✓ |
| ७. | हाजिरी | ✓ | ✓ |
| ८. | गृहकार्य | ✓ | ✓ |
| ९. | अतिरिक्त क्रियाकलाप | ✓ | ✓ |
| १०. | स्वास्थ्य र सरसफाइ | ✓ | ✓ |
| ११. | अनुशासन | ✓ | ✓ |

संकेत (✓) – छ

(✘) – छैन

माथिको तालिकाबाट प्राप्त सूचनाको विश्लेषण गर्दा संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रक्रियामा दुवै विद्यालयमा केही समानता पाउन सकिन्छ । दुवै विद्यालयमा सञ्चालित औपचारिक मूल्याङ्कन प्रणालीमा प्रथम त्रैमासिक

परीक्षा, दोस्रो त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षा गरी ४ पटक संस्थागत विद्यालय परीक्षा सञ्चालन गर्ने गरेको पाइयो भने सामुदायिक विद्यालयले प्रथम त्रैमासिक , दोस्रो त्रैमासिक र अर्धवार्षिक परीक्षालाई एउटै सञ्चालन गरेको र वार्षिक परीक्षा गरी ३ पटक परीक्षा सञ्चालन गरेको पाइयो । संस्थागत र सामुदायिक विद्यालयमा हाजिरी नियमित हुने गरेको पाइयो । यसैगरी संस्थागतमा मात्र कक्षा परीक्षा साप्ताहिक परीक्षा र मासिक परीक्षा लिने गरेको देखियो । गृहकार्य सम्बन्धमा संस्थागत नियमित दिने र जाँच गर्ने गरेको तर सामुदायिकमा नियमित नदिई कहिलेकाहीँ दिने जाँज पनि कहिलेकाहीँ मात्र गर्ने गरेको पाइयो । संस्थागत विद्यालयले स्वास्थ्य, सरसफाई र अनुशासनको नियमित अवलोकन गरेको पाइयो भने संस्थागतले नियमित नगरी कहिलेकाहीँ गर्ने गरेको पाइयो । अतिरिक्त क्रियाकलापको सञ्चालन भने हरेक महिनाको अन्तिम शुक्रबार संस्थागत र सामुदायिक दुवैमा सञ्चालन गर्ने गरेको पाइएको थियो ।

### ४.३.१ संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मूल्याङ्कन प्रणालीका समस्याहरु र समाधानका उपायहरु

(क) **विद्यार्थी मूल्याङ्कन प्रणलीका समस्याहरु**

- मूल्याङ्कन प्रणलीमा विविधता ।
- भाषामा विविधता ।
- पाठ्यपुस्तकमा फरकपना ।
- मूल्याङ्कनको साधनको रुपमा परीक्षालाई लिइनु ।
- शिक्षकलाई तालिमको अभाव ।
- परीक्षाको नतिजालाई पृष्ठपोषणको अधार बनाउन नसक्नु ।
- शिक्षकलाई विद्यार्थी मूल्याङ्कन गर्न समय अभाव ।
- विद्यार्थीको व्यवहारिक पक्षलाई मूल्याङ्कनले समेटन नसक्नु ।
- अनुगमन र निरिक्षणको कमी ।

**(ख) विद्यार्थी मूल्याङ्कन प्रणलीका समस्याहरु समाधानका लागि सुझावहरु :**

- संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियामा एकरुपता ल्याउन एउटै पाठ्यक्रम र पाठ्यपुस्तकको ब्यवस्था गर्नुपर्ने ।
- विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा पनि जोड दिनुपर्ने अनौपचारिक मूल्याङ्कनको लागि परीक्षामा केहि पूर्णाङ्क कायम गर्नुपर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन प्रश्नपत्र  निर्माण परीक्षा संचालन र अङ्कनका लागि शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने ।
- विद्यालयमा न्युनतम रुपमा विद्यार्थी संख्या अनुसार शिक्षक दरबन्दी कायम गर्नुपर्ने ।
- विद्यार्थीको अभिलेख निरन्तर रुपमा तयारी गरी अध्यावाधिक गर्नुपर्ने ।
- जिल्ला शिक्षा कार्यलय तथा श्रोत केन्द्रले समय-समयमा निरन्तर अनुगमन, सुपरिवेक्षण गर्ने र आवश्यक सर सल्लाह एंव सुझाव दिनुपर्ने ।
- परीक्षाको नतिजालाई विद्यार्थी पास फेल र कक्षा चढाउने प्रयोजनका लागि मात्र नगरी शिक्षण सिकाईमा सुधार ल्याउन र पृष्ठपोषण प्रदान गर्नमा प्रयोग गर्नुपर्ने ।
- शिक्षण सिकाई क्रियाकलाप सँगै सँगै निरन्तर रुपमा विद्यार्थीको मूल्याङ्कन गर्नु पर्ने ।

# परिच्छेद-पाँच

# प्राप्ति, निष्कर्ष र सुझाव

## ५.१ प्राप्ति

वर्तमान समयमा प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्ने पर्ने भएको छ । प्राथमिक शिक्षाको गुणस्तर वृद्धि गर्नका लागि विद्यार्थी मुल्याङ्कन प्रणालीले पनि महत्वपूर्ण भुमिका खेलेको हुन्छ । त्यसो हुनाले गर्दा नै प्राथमिक शिक्षाको विकासका लागि नेपाल सरकारले प्रशस्त लगानी गरेको छ। त्यसको केही भाग विद्यार्थी मूल्याङ्कनका लागि पनि गरेको छ । विभिन्न समयमा सरकारका तर्फबाट गठित आयोगहरु (ने.रा. शि.यो.आ. २०११, स.रा.शि.स. २०१८, रा.शि. आ., २०४९ ले मूल्याङ्कन प्रणालीमा सुधार गर्नुपर्ने सुझावहरु दिए । वर्तमान समयमा प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ ले विद्यार्थीको औपचारिक मुल्याङ्कनमा पहिलो त्रैमासिक १० प्रतिशत , दोस्रो त्रैमासिक ३० प्रतिशत र अन्तिम परीक्षा ६० प्रतिशत अङ्कभारको गर्नुपर्ने व्यवस्था गरेको छ ।

संस्थागत र सामुदायिक दुवै प्रकारका विद्यालयमा प्रधानाध्यापक, शिक्षक, विद्यार्थी र सरोकारवालासँग गरिएको अन्तर्वाता निर्देशिका र प्रश्नावलीको माध्यमले सूचना सङ्कलन गर्दा सम्पूर्ण विद्यालयमा त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा र वार्षिक परीक्षा गरी विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । विद्यालयमा लिइने त्रैमासिक र वार्षिक परीक्षाको भार पाठ्यक्रमले निर्धारण गरे अनुसार नै क्रमशः प्रथम त्रैमासिक १०, द्वितीय त्रैमासिक ३० र अन्तिम ६० प्रतिशत छुट्याइएको पाइझे तर संस्थागत विद्यालयले भने केही परिवर्तन गरी प्रथम त्रैमासिक १० , द्वितीय त्रैमासिक १५, अर्धवार्षिक १५ र वार्षिक ६० प्रतिशत छुट्याइएको पाइयो । दुवै विद्यालयमा अनौपचारिक मुल्याङ्कन गर्ने गरेको तर त्यसका लागि कुने अङ्कभार नदिएको पाइयो । विद्यार्थी मूल्याङ्कनका लागि प्रश्नपत्र निर्माण सरकारी विद्यालयमा स्रोतकेन्द्रले गर्ने तर  उत्तर पुस्तिका परीक्षण र नतिजा प्रकाशन विद्यालय आफूले गर्दा रहेछ । निजी विद्यालयमा कक्षा परीक्षा र इकाई परीक्षाको लागि विद्यालय आफैले प्रश्न निर्माण गर्ने र अन्य परीक्षाका लागि भने इकोब्सले नै प्रश्न निमार्ण गर्ने गरेको पाइयो । त्यस्तै निजी विद्यालयमा पनि उत्तरपुस्तिकाका परीक्षण र नतिजा विद्यालय आफैले

गर्दारहेछन् । दुवै विद्यालयमा परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने कार्य प्रधानाध्यापक र  शिक्षकरु मिलेर गर्ने गरेको देखियो ।

मौका परीक्षा संस्थागत र सामुदायिक विद्यालयमा हुने गरेको पाइएन तर दुवै विद्यालयले दुई विषयसम्म अनुत्तीर्ण हुने विद्यार्थीलाई पुनः कक्षा चढाउने गरेको कुरा परिक्षाफलको प्रयोग संस्थागत र सामुदायिक दुवै विद्यालयले विद्यार्थीलाई कक्षा चढाउने प्रयोजनका लागि मात्र गरेको पाइयो तर संस्थागत विद्यालयले भने सुधारात्मक कार्यमा पनि प्रयोग गर्ने गरेको पाइयो । पशनपत्र निर्माण गर्ने सन्दर्भमा सामुदायिक विद्यालयमा विशिष्टीकरण तालिकाको प्रयोग गर्ने गरेको र संस्थागतमा भने यसको प्रयोग नभएको पाइयो तर संस्थागत विद्यालयले सामन्यज्ञान विषयमा भने  उत्तरकुञ्किा बनाउने गरेको देखियो ।

विद्यार्थीको उलब्धाङ्कपत्र संस्थागत र सामुदायिकले फरक फरक किसिमबाट निर्माण र प्रयोग गर्ने गरेको पाइयो । संस्थागत विद्यालयले हरेक परीक्षापछि लब्धाङ्कपत्र तयार गरी विद्यार्थीलाई दिई अभिभावकलाई सही गराएर ल्याउनुपर्ने र वार्षिक परीक्षा पछि ल्याउन नपर्ने गरेको पाइयो । त्यस्तै कक्षा १,२,३ सम्मका प्रत्येक विद्यार्थीको परीक्षण गरिएको उत्तरपुस्तिका समेत फाईलिङ्ग गरि अभिभावक सम्म पुऱ्याउने ब्यवस्था रहेको पाइयो । तर सामुदायिकमा भने लब्धाङ्कपत्र तयार नगरी रजिष्टारमा उल्लेख गर्ने गरेको पाइयो । कोही अभिभावकले आएर लब्धाङ्कपत्र मागेमा मात्र बनाएर दिने गरेको पाइयो ।

संस्थागत विद्यालयमा गृहकार्य नियमित रुपमा हरेक विषयमा दिने गरेको र नियमित जाँच गर्ने गरेको देखियो भने सामुदायिकमा नियमित गृहकार्य नदिने कहिलेकाहीँ दिने र जाँच पनि कहिले काहिँ गर्ने गरेको पाइयो । यसैगरी संस्थागत र सामुदायिक विद्यालयमा हाजिरीजवाफ, नृत्य, खेलकुद, अनुशासन, सरसफाइमाा प्रथम, दोस्रो र तेस्रो हुनेलाई विद्यालयको वार्षिक उत्सवमा पुरस्कार वितरण गर्ने गरेको पाइयो ।

यसरी संस्थागत र सामुदायिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रणालीमा एकरुपता ल्याउन पाठ्यक्रम र पाठ्यपुस्तक एकै प्रकारको लागु गर्नुपर्ने, संस्थागतका शिक्षकलाई पनि मूल्याङ्कन सम्बन्धी तालिम दिनुपर्ने, आन्तरिक मूल्याङ्कनलाई प्रभावकारी बनाउन निश्चित

पूर्णाङ्कको व्यवस्था गर्नुपर्ने मुल्याङ्कन र शिक्षण सिकाइ सँगसँगै हुनुपर्ने, बीचबीचमा मुल्याङ्कन सम्बन्धी निरीक्षण, अनुगमन हुनुपर्ने र विद्यार्थी मूल्याङ्कनको लागि परीक्षालाई मात्र विद्यार्थी मूल्याङ्कनको साधनको रुपमा नलिई अन्य परीक्षण नगरिने साधनहरुको पनि प्रयोग गर्नुपर्ने देखिन्छ ।

## ५.२ निष्कर्ष

संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थीको उपलब्धिको मूल्याङ्कन प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार लिखित परीक्षाबाट हुने गरेको छ । संस्थागत विद्यालयमा ३ वटा त्रैमासिक परीक्षा पहिलो त्रैमासिक, दोस्रो त्रैमासिक र अर्धवार्षिक परीक्षा र एउटा अन्तिम परीक्षाको माध्यमबाट विद्यार्थीको मूल्याङ्कन गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा २ वटा त्रैमासिक पहिलो त्रैमासिक र अर्धवार्षिक र एउटा अन्तिम परीक्षाको माध्यमबाट विद्यार्थीको उपलब्धि निर्धारण गरेको पाइयो । प्राथमिक शिक्षा पाठ्यक्रम २०४९ अनुसार शैक्षिक उपलब्धि बाहेकका अन्य पक्षहरु जस्तै विद्यार्थीको मानवीय व्यवहार, बानी आचरणको मूल्याङ्कन निरन्तर रुपमा अवलोकनको माध्यमबाट गर्नुपर्ने उल्लेख छ र त्यसको लागि कुनै अङ्कभार छुट्याइएको छैन । तर वर्षको अन्तमा परीक्षाफल प्रकाशित गरि पुरस्कार दिने चलन छ । पाठ्यक्रममा उल्लेखित प्रत्येक एकाइको अन्तमा लिनुपर्ने एकाइ परीक्षा सामुदायिक विद्यालयमा लिने गरेको छैन र संस्थागतमा पनि नियमअनुसार भएको छैन । संस्थागत विद्यालयमा गृहकार्य नियमित रुपमा दिने र नियमित रुपमा जाँच गर्ने गरेको छ भने सामुदायिकमा नियमित रुपमा नदिने र कहिलेकाहीँ मात्रै दिने गरेको र जाँच पनि कहिलेकाँही गर्ने गरेको पाइयो ।

सामुदायिक विद्यालयमो प्रश्नपत्र स्रोतकेन्द्रले निर्माण गर्ने तर उत्तर पुस्तिका भने आफै परिक्षण गर्ने गरेको पाइयो । सामुदायिक विद्यालयमा प्रश्नपत्र निर्माणमा विशिष्टीकरण तालिकाको प्रयोग गर्ने गरेको पाइयो भने संस्थागतमा भने प्रयोग नगरेको देखियो । त्यसैगरी दुवै विद्यालयले उत्तरपुस्तिका परीक्षणमा उत्तरकुञ्जिका नबनाउने गरेको तर संस्थागत विद्यालयले एउटा सामान्य ज्ञानको उत्तरपुस्तिका परीक्षणका लागि उत्तरकुञ्जिका बनाउने गरेको पाइयो ।

त्यसैगरी अन्तमा भन्नुपर्दा संस्थागत र सामुदायिक दुबै किसिमका प्राथमिक विद्यालयमा विद्यार्थीको मानवीय सम्बन्ध तथा सामाजिक विकास जस्ता पक्षको मूल्याङ्कन गर्ने तथा व्यवस्थित रुपबाट त्यसको अभिलेख राख्ने गरेको देखिदैन । त्यसैगरी विद्यार्थीको मुल्याङ्कन गर्दा लिखित परीक्षा बाहेकका अन्य साधनहरु मौखिक परीक्षा, अवलोकन, घटनावृत्त अभिलेख, सञ्चित अभिलेखको प्रयोग दुवै किसिमका विद्यालयमा गरिएको छैन ।

## ५.३ सुधार गर्ने उपायहरु

अनुसन्धानकर्ताको हैसियतले संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा सञ्चालित विद्यार्थी मुल्याङ्कन प्रक्रियाबारे अध्ययन गर्ने क्रममा प्रधानाध्यापक , शिक्षकहरु, विद्यार्थीहरु र सरोकारवालाबाट प्राप्त प्रतिक्रिया विभिन्न लेख, पत्रपत्रिका , पाठ्यपुस्तकको अध्ययन गरी निम्नानुसार सुझाव दिइएको छ ।

- संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कनमा एकरुपता ल्याउन एउटै प्रकारको पाठ्यपुस्तक र पाठ्यक्रमको माध्यमबाट पठनपाठन गर्नुपर्ने ।
- विद्यालयमा विद्यार्थीको चाप अनुसार शिक्षक दरबन्दी निर्धारण गर्नुपर्ने ।
- विद्यार्थीको अनौपचारिक मूल्याङ्कनमा जोड दिने र अनौपचारिक मूल्याङ्कनको लागि परीक्षामा निश्चित पूर्णाङ्क छुट्याउनुपर्ने ।
- निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न, प्रश्नपत्र निर्माण गर्न , परीक्षा सञ्चालन र अङ्कनका लागि शिक्षकलाई तालिम प्रदान गर्नुपर्ने ।
- विद्याथीको निरन्तर अवलोकन गरी त्यसको अभिलेख अद्यावधिक गरी राख्नुपर्ने ।
- विद्यार्थी मूल्याङ्कनलाई कक्षा उत्तीर्ण गर्ने प्रयोजनका लागि मात्र गर्नुभन्दा विद्यार्थीको शारीरिक मानसिक र संवेगात्मक पक्षको विकासका लागि गनुपर्ने ।
- शिक्षकहरुलाई मूल्याङ्कन सम्बन्धी पुर्नताजगी तालिम समय समयमा प्रदान गर्नुपर्ने ।
- शिक्षण सिकाइ क्रियाकलाप र मूल्याङ्कन निरन्तर रुपमा सँगसँगै सञ्चालन गर्नुपर्ने ।
- विद्यार्थी मूल्याङ्कन कार्यका लागि आवश्यक पर्ने अन्य परिक्षण नगरिने साधनहरुको व्यवस्था गर्नुपर्ने ।
- विद्यालयमा सञ्चालन गरिने विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरुबारे जिल्ला शिक्षा कार्यलय स्रोत केन्द्रले समयमा संस्थाहरुको नियमित रुपमा अनुगमन, सुपरिवेक्षण गर्नुपर्ने र देखिएका समस्याहरु समाधानका लागि आवश्यक सहयोग र सुझाव दिनुपर्ने ।

# सन्दर्भसामग्री


अधिकारी विष्णु प्रसाद (२०६४) **माध्यमिक शिक्षक दिग्दर्शन,** भोटाहिटी, काठमाण्डौं: आशिष पुस्तक भण्डार ।

उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०५५), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

खनाल श्रीप्रसाद/तिमिल्सिना विनोद खण्ड (२०६१), **गुणात्मक मूल्याङ्कन अनुसन्धान,** नयाँबजार, किर्तिपुरः क्षितिज प्रकाशन ।

खनाल श्रीप्रसाद (२०६५), **कार्यक्रम मूल्याङ्कन,** कीर्तिपुर, काठमाण्डौं: जुपिटर पब्लिशर्स एण्ड डिष्ट्रिब्युटर्स ।

खनियाँ डा. तिर्थराज (२०६१), **(उः रजत जयन्ति स्मारिका २०६१: ८५)**, रत्ननगर, चितवनः शहिद स्मृति बहुमुखी क्याम्पस ।

जवरा स्वयंप्रकाश, श्रेष्ठ चन्द्र बहादुर र रञ्जितकार किरणराम (२०६५), **शिक्षामा मापन तथा मूल्याङ्कन,** भोटाहिटी, काठमाण्डौं: विद्यार्थी पुस्तक भण्डार ।

निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यक्रम पुस्तिका (२०५६), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

प्राथामिक पाठ्यक्रम दिग्दर्शन (२०५७), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

प्राथामिक शिक्षा पाठ्यक्रम (२०६५) **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय शिक्षा पद्धतिको योजना (२०२८), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन (२०४९), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३), **नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय,** सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

वाग्ले मन प्रसाद/पौडेल लेखनाथ (२०५६), **पाठ्यक्रम र मूल्याङ्कन**, भोटाहिटी, काठमाण्डौंः विद्यार्थी पुस्तक भण्डार ।

शर्मा एण्ड शर्मा (२०६३), **शैक्षणिक मूल्याङ्कन**, काठमाण्डौंः एम.के. पब्लिशर्स एण्ड डिष्टीव्युटस ।

शर्मा एण्ड शर्मा (२०६८), **नेपालमा प्राथामिक शिक्षा,** भोटाहिटी, काठमाण्डौंः एम.के. पब्लिशर्स एण्ड डिष्टीव्युटस ।

सर्वाङगीण राष्ट्रिय शिक्षा समिति (२०१८), **(उः शर्मा एण्ड शर्मा नेपालमा प्राथमिक शिक्षा २०६८ः ३३७),** भोटाहिटी, काठमाण्डौंः एम.के. पब्लिशर्स एण्ड डिष्टीव्युटस ।

श्रेष्ठ चन्द्र बहादुर (२०५९), **पाठ्यक्रम र मूल्याङ्कन,** बागबजार, काठमाण्डौंः भुडीपुराण प्रकाशन ।

## संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रिया

### अनुसूची–१

### विद्यालयका प्रधानाध्यापकहरुलाई प्रश्नावली

नाम : ……………………………… पदः…………………

संस्थाको नाम :…………………………………………………………………………………

१. सामुदायिक र संस्थागत प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रियाहरु बीचमा के समानता र भिन्नता पाउनु भएको छ ?

……………………………………………………………………………………………………

२. प्राथमिक तहमा संचालित औपाचारिक विद्यार्थी मूल्याङ्कनका प्रक्रियाहरु के-के होलान ?

……………………………………………………………………………………………………

३. प्राथमिक तहमा संचालित अनौपचारिक विद्यार्थी मूल्याङ्कनका प्रक्रियाहरु के-के होलान ?

……………………………………………………………………………………………………

४. संस्थागत र सामुदायिक प्राथमिक विद्यालयको प्रश्नपत्र निर्माण प्रक्रियामा के फरक पाउनु भएको छ ?

……………………………………………………………………………………………………

५. प्राथमिक विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियामा देखिएका कठिनाईहरु के-के होलान ?

……………………………………………………………………………………………………

६. आधुनिक नयाँ विधिहरुको प्रयोगद्धारा विद्यार्थीहरुको मूल्याङ्कन गर्न गराउन प्र.अ. को भूमिका कस्तो हुन पर्दछ ।

……………………………………………………………………………………………………

७. प्राथमिक तहको विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई प्रभावकरी बनाउन के्-के उपायहरु अवलम्बन गर्न सकिन्छ ।

……………………………………………………………………………………………………

८. विद्यार्थी मूल्याङ्कनको वारेमा तपाँईको धारणा कस्तो रहेको छ ?

……………………………………………………………………………………………………

९. तपाँईको विद्यालयमा हाल संचालनमा रहेको मूल्याङ्कन प्रक्रियाको वारेमा के भन्न चाहानुहुन्छ ?

……………………………………………………………………………………………………

## अनुसूची–२

## विद्यालयका शिक्षकहरुलाई प्रश्नावली

नाम : ................................... पदः.....................

संस्थाको नाम ः.....................................................................................

१. विद्यार्थीको मूल्याङ्कन लागि पाठ्यक्रम तथा मूल्याङ्कन निर्देशिका अनुशार तपाँईको विद्यालयमा मूल्याङ्कन कार्यक्रम लागू गर्नु भएको छ ? कि छैन ? छैन भने किन ?

.........................................................................................................

२. वर्तमानमा संचालति विद्यार्थी मूल्याङ्कनको सम्बन्धमा तपाँईको धारण के छ ?

.........................................................................................................

३. तपाँईको विचारमा प्राथमिक तहमा संचालित निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया कतिको व्यवहारिक छ ?

.........................................................................................................

४. तपाँईको विचारमा प्राथमिक तहमा संचालित विद्यार्थी मूल्याङ्कनका समस्याहरु के-के होलान ?

.........................................................................................................

५. तपाँईको विद्यालयमा विद्यार्थी मूल्याङ्कन प्रक्रियाबाट प्राप्त नतिजाको प्रयोग कसरी गर्नुहुन्छ ?

.........................................................................................................

६. तपाँईको बिचारमा मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी बनाउन के-के गर्नुपर्ला?

.........................................................................................................

७. विद्यार्थी मूल्याङ्कनमा तपाँईले भोल्नु परेका समस्याहरु के-के हुन ?

.........................................................................................................

८. औपचारिक परीक्षा बाहेक विद्यार्थी मूल्याङ्कनमा अन्य कुन-कुन प्रक्रियाहरुलाई आधार मान्न सकिन्छ ?

.........................................................................................................

## अनुसूची-३

## विद्यार्थीसँगको अन्तर्वाता निर्देशिका

विद्यालयको नाम : .................................. कक्षाः.....................

विद्यार्थीको नाम :...................................................................

१. पाठको अन्त्यमा दिएका अभ्यासहरु सधैं गर्छौं कि गर्दैनौ ?

..........................................................................................................

२. तिमीलाई परीक्षा दिन रमाइलो लाग्छ वा नरमाइलो लाग्छ ? यदि नरमाइलो लाग्छ भने किन ?

..........................................................................................................

३. तिम्रो विद्यालयमा नियमित रुपमा कुन-कुन कुराहरुको जाँच गर्ने गरिन्छ ?

..........................................................................................................

४. शिक्षकले नियमित गृहकार्य जाँच गर्नु हुन्छ कि हुदैन ?

..........................................................................................................

५. तिम्रो विद्यालयमा अतिरिक्त क्रियाकलाप अन्तर्गत कुन-कुन कार्यक्रमहरु हुने गरेको छ ? र तिम्रो सहभागिता रहन्छ कि रहदैन ?

..........................................................................................................

## संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रिया

## अनुसूची-४

## विद्यालयका सरोकारवालाहरुको लागि अन्तर्वाता निर्देशिका

नाम : ..................................... पद:.....................

संस्थाको नाम :....................................................................

१. हाल प्राथमिक तहमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रिया कस्तो छ ?

.................................................................................................

२. प्राथामिक तहको विद्यार्थी मूल्याङ्कन प्रक्रिया कस्तो खालको हुनुपर्दछ ?

.................................................................................................

३. प्राथामिक तहको विद्यार्थी मूल्याङ्कन प्रक्रियामा देखिएका राम्रा पक्षहरु के-के हुन ?

.................................................................................................

४. प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु के-के हुन ?

.................................................................................................

५. प्राथमिक तहमा विद्यार्थी मूल्याङ्कन प्रक्रियामा देखिएका समस्याहरु समाधानका लागि के-कस्ता कदम चाल्न सकिन्छ ?

.................................................................................................

६. वर्तमान मूल्याङ्कन प्रणलीलाई वैज्ञानिक र सान्दर्भिक बनाउनको लागि सरोकारवालाको हैसियतले तपाँईको भूमिका कस्तो रहनुपर्छ ?

.................................................................................................

## संस्थागत र सामुदायिक प्राथमिक विद्यालयमा संचालित विद्यार्थी मूल्याङ्कन प्रक्रिया

## अनुसूची-५

## लक्षित समुह छलफल निर्देशिका

| क्र.सं. | सहभागीहरुको नाम |
|---|---|
| | |
| | |
| | |
| | |
| | |
| | |

### छलफलका विषयहरु

१. प्राथमिक तहमा  संचालति मूल्याङ्कन प्रक्रिया ।

२. प्रयोगमा  रहेको मूल्याङ्कनका साधनहरु ।

३. मूल्याङ्कनबाट प्राप्त नतिजाको  प्रयोग गर्ने  तरिका ।

४. मूल्याङ्कनमा देखिएका समस्याहरु ।

५. मूल्याङ्कन प्रक्रियामा गर्नु पर्ने सुधारहरु ।